(साहित्य कला र संस्कृति : सबैको साझा सम्पत्ति)

# शब्दाङ्कुर

(साहित्यप्रधान मासिक)



वैशाख २०८३

२९५

(साहित्य कला र संस्कृति : सबैको साझा सम्पत्ति)

# शब्दाङ्कुर

(साहित्यप्रधान मासिक)

## २०८३ वैशाख (Apr-May 2026)

वर्ष २५ अङ्क ७ पूर्णाङ्क २९५ (Year 25 Issue 7 Total issue 295)

सल्लाहकार : प्रा.डा. गोविन्दराज भट्टराई र प्रा.डा. जीवेन्द्रदेव गिरी

| | | |
|---|---|---|
| प्रधान-सम्पादक | : | धीरकुमार श्रेष्ठ |
| सम्पादक | : | भोगेन्द्र लिङ्देन, गोविन्द घिमिरे, टेकेन्द्र चेम्जोङ र सागर फुयाँल |
| कला संयोजन | : | राजेश मानन्धर |
| व्यवस्थापन | : | तुलसीकुमार कन्दङ्वा |
| वेबसाइट | : | https://sabdankur.com |
| | | http://bit.ly/sabdankur |
| आवरण | : | सूर्योदय, धनकुटा |

| | | |
|---|---|---|
| ISSN | : | 2773-7969 |

मूल्य रु. ४५/-

**पत्रिकाको ठेगाना**

sabdankur@gmail.com/sabdankur58@yahoo.com

काठमाडौँ, नेपाल मोबाइल नं. ९८४१–३६२०३२

मुद्रक : कोसी प्रिन्टिङ प्रेस, बबरमहल, काठमाडौँ

**वितरक :** साहित्यिक पुस्तक पत्रपत्रिका सप्लायर्स, चावहिल, काठमाडौँ ०१-४४९७३५१/९८४१-१४४९६७/९८४९-७२९६७६

## यस अङ्कभित्र

### कविता/गजल/मुक्तक

कविताको राँकेभूत : कृष्ण प्रधान ३, गजल : नवराज न्यौपाने 'मौन' ४, गाउँको कविता : विनोद नेपाल ५, देवरालीको हवा : विमर्श गुरूङ ६, कस्तो चिकित्सक ? : मुकुन्द पोखरेल ८, के बुद्धहरू शान्तिले बाच्न पाउँदैनन् ? : जीवन आचार्य 'निश्चल' ९, मेहनतको विरासत र वर्तमान : मिथिलेश 'आदित्य' ११, मेरो देश : हरि आत्रेय १३, परिवर्तन : गोपालकुमार मैनाली १४, म बाँचेको परिवेश : गगन राई १५, मुक्तक : श्यामकृष्ण मास्के २८, मुक्तक : विमल गिरी ३७

### अनुवाद कथा/लघुकथा/निबन्ध/नियात्रा/समालोचना

अनारकली : अञ्जना वर्मा १६, महादेवी : सुनिता निरौलापौडेल २३, सापटी : अरूणबहादुर खत्री 'नदी' २३, चन्दाको कमाल : दुर्गा पी. अधिकारी २४, साइवर संहिता : माधव काफ्ले २५, मधुगङ्गामा चुर्लुम्म : धनमाया राई २९, लघुकथामा प्रस्तुति : डा. शेखरकुमार श्रेष्ठ ३८

# हाम्रो अभिमत

उखानहरू यसै निर्माण भएका होइनन् । यिनमा लामो समयको खारिएको अनुभव मिसिएको हुन्छ । त्यो पनि एक जना दुई जनाको होइन, कैयौँ कैयौँको अनुभूतिको समानताले यी निर्माण भएका हुन्छन् । यिनको निर्माण समय लामै हुन्छ । तत्काल तत्काल निर्माण सम्भव हुँदैन । लामो समयको अन्तरालमा माझिँदै गएर चोटिला र पोटिला रूपमा निर्माण भएका हुन्छन् । र त, उखानको सूत्रात्मकतालाई फुउनु लामै बखान आवश्यक पर्छ ।

यस्तै उखानमध्ये एउटा हो, 'हुलमुलमा जिउ जोगाउनू अनिकालमा बिउ जोगाउनू ।' आजको सङ्कुल विश्वमा साँढेको जुधाइ बाछाको मिचाइ नहोस् भन्नेमा सजग हुनुपर्ने विद्यमानता देखा परेको छ । हिँड्दा ठेस नलागोस् भनी सावधानीपूर्वक पाइलाहरू अगाडि बढाउनुपर्ने आवश्यकताका खुड्किलाहरू जहाँतहाँ देखिन थालेका छन् । अगाडि खाडल र पछाडि भिरको अवस्था छ । दुःख र पीडा पाउन आफैले गल्तीत्रुटि गरिरहनु नपर्ने भएको छ । आफूले गर्दै नगरेको बिरामको सजाय पाउन हरबखत आफूलाई तयार राख्नुपर्ने अवस्था छ । समस्या जमिनबाट हिँडेर अथवा सडकबाट गुडेर अथवा आकाशबाट बर्सिएर मात्र होइन शून्यमा विस्तारित भएर पनि फैलिने गरेको छ । प्रत्यक्षतः आँखाले देखिन्न तर पीडाको सिकार बन्न तम्तयार हुनुपर्छ । देशमा, प्रदेशमा, गाउँसहरमा मात्र होइन घर घरमा र व्यक्ति व्यक्तिमा यसले प्रवेश पाउने गरेको छ । व्यक्तिको पनि नसा नसामा यसको प्रभाव विस्तारित हुने गरेको छ । प्रत्येक गाँस र प्रत्येक निश्वास यस्ता दूषित प्रदूषित समस्याहरूबाट आक्रान्त छन् । यस्तो अवस्थामा भागेर कहीँ जान सम्भव छैन । संसारको कुना कुना पुगेको समस्याले कसैलाई कुनै बेला कहीँ छाड्दैन । मानिस जहाँ जहाँ पुगेको छ त्यहाँ त्यहाँ र मानिस जहाँ जहाँ पुगेको छैन, त्यहाँ पनि यसले छाड्दैन भने भागेर जाने हो भने पनि कहाँ जाने ? यस्तो अवस्थामा उही पुर्खाको 'हुलमुलमा जिउ जोगाउनू... ' काम लाग्न सक्छ ।

वर्चस्वको सङ्ग्राममले विश्व व्यवस्थालाई उम्कनै नसक्ने गरी गाँज्दै लगेको छ । शक्तिको मादकताले थुप्रै दृष्टिभ्रमहरूलाई जन्म दिएको छ । 'कोभन्दा को कम'को पौँठेजोरीले आकाशमा सिँढी लगाउँदै छ । परिणामतः कैयौँ आविष्कारले प्राणीमध्येको सर्वश्रेष्ठ बन्दै गएको मानवका लागि आफ्नै आविष्कार आफ्नै लागि श्रापित बन्ने हो कि भन्ने भयको बादल मडारिएको मडारिएकै छ । कति बेला कसको शिरमा आकाश खस्ने हो अथवा कति बेला कहाँबाट वातावरणमा दूषणले प्रवेश पाउने हो, यसै भन्न सकिने स्थिति छैन । दन्तबझानहरू बिस्फोटित भइरहेर विषाक्त बन्दै गएका परिदृश्यहरू विश्वको जुनसुकै कुनाबाट देख्न, हेर्न र अनुभूत गर्न सकिन्छ । त्यसका बाछिटाहरू मानिसको भान्सादेखि शयनकक्षसम्म निर्बाध रूपमा निसङ्कोच प्रवेश गर्दै छन् । न्याय र नैतिकताको खडेरी तरङ्गिँदै फैलिँदै गरेको अवस्थामा गुहार लगाएर सुन्ने कसले ? मुकदर्शक अनुहारहरू पङ्क्तिबद्ध हुने क्रम उकालो चढ्दै छ । घट्नेभन्दा थपिनेको सङ्ख्याले उचाइ कायम गर्दै छ । यस्तोमा कुनै पनि कुरा अस्तित्वरक्षाको कवच बन्न सकिरहेको देखिँदैन । बरु पुर्खाको बुद्धिमतापूर्ण सन्देशमा भनिएजस्तो हुलमुल पर्यवेक्षणमा केन्द्रित हुने हो भने ज्यान बचे लाख उपाय हुन सक्छ कि ? जीवन बाँच्न र चल्न आवश्यक सामग्रीको जादुई र चामत्कारिक विलयनको दौडमा बिउ मात्र भए पनि जोगाउन सक्ता कर्मयोगी पाखुरीहरूका लागि आशाको मुना जीवित रहन्छ कि ? उखानको सार्थकता विकासको चरम चुलीमा पुगेको भनिएको आजका दिनमा पनि उत्तिकै परमावश्यक भएको हो कि ?

– प्रधान सम्पादक

कविता

# कविताको राँकेभूत



**कृष्ण प्रधान**
**(मञ्जरी भिलेज, ईमाडोल, ललितपुर)**

सत्ताको भूत सवार भएझैँ
ममाथि एसबेला
कविताको भूत सवार भएको छ ।
एस्तो बेला,
मेरो कवि पनि राँकेभूतजस्तै
जागित्रा जागेको छ ।
जतातत‍ै दुम्सीका काँडाहरू भेदेर
ढ्याङ्ग्रो ठटाएर
भुइँ नै फाट्ने गरी
बुरुक्बुरुक् उफ्रिँदै
बोक्सी डायनीहरू खोज्दै
तातो पुनिउको डाम डस्न भनेर
मधौरोको खोजी गर्दै छ,
सांसदहरूको सिङपुच्छर काट्दै
मत्ता हात्तीजस्तो
एसबेला
नकामैनकाम गर्ने
मुन्धुम पो फलाक्दै छ ।
कठै ! यो कविलाई कहाँबाट चढ्यो
एस्तो जागित्रा र
बक्न थाल्यो जथाभावी ?
सत्ता पाएर मात्तिएको साँढेजस्तै
अहिले जथाभावी डुक्रदै हिँड्दै छ,
बेला कुबेला
सत्ताको साँचो भाँच्ने कुरा गर्दै छ
कविता लेख्ने कलमकै टुँड भाँच्न खोज्दै छ
र,
कलममा हतियारको साँध लाउँदै
कविता छिमोल्ने कुरा गर्दै छ ।
यो कविताको राँकेभूत
खोइ कताबाट आयो ?

पूर्व पश्चिम उत्तर दक्षिण
चौघेरा चौकुना छेक्दै
कविताको रातो भाले मन्छाउँदै
मधौरोलाई भोग चढाउँदै छ ।
मधौरोको नाममा
स्वयम् भाले भोग चढ्दै छ
कवितालाई निमोठेर
शब्दभरि शिरच्छेदनका भोग छर्कंदै छ ।

मधौरोजस्तै कविता
मुर्च्छाबाट बिउँझने हो होइन
यो राँकेभूत मन्छाउने
मुन्धुम हेरेर बसेको बिचरो कवि,
भोग चढेको भालेजस्तै
थानकै छेउछाउ
छट्पटाइरहेछ ।

गजल

# गजल



नवराज न्यौपाने 'मौन'

अनन्त प्यार झल्किने कथा रहेछ जिन्दगी
अमूर्त भाव टल्किने कला रहेछ जिन्दगी ।

समस्त दुःख बिर्सदा मुहार खुल्छ हर्षले
सहस्र आँसु छल्किने ध्वजा रहेछ जिन्दगी ।

म बोक्न सक्छु देश यो उठाइ हात कर्मठ
भनेर बैंस ढल्किने सुधा रहेछ जिन्दगी ।

टुटेर जान्छ स्वप्न त्यो गरिब झुक्न हुन्न है
दुखेर घाउ बल्किने निशा रहेछ जिन्दगी ।

सहेर चोट मर्मले सजाइ भाव कर्मले
अभावमाझ सल्किने चिता रहेछ जिन्दगी ।

(बहरः हजज मुसम्मन मकबुज)

कविता

# गाउँको कविता



विनोद नेपाल

सहरको कोलाहलभन्दा पर,
जब पुगेँ कविता खोज्दै गाउँ
उजाड बस्तीहरू बोले
बिरायौ कि बाटो ?
अलमलियो कि यात्रा ?

लाग्यो,
बिर्सेछ आफ्नै गाउँले ।

नबिर्सोस् पनि किन
अँध्यारोमा राखेर उसलाई
आफू उज्यालो खोज्ने,
अभावमा अल्मल्याएर उसलाई
आफू सम्पन्नताको बाटो रोज्ने,
भुलेर आफ्नो धरातल
आडम्बरको खोल ओढ्ने,
सभ्यताको नाममा
आफ्नै संस्कृति र परम्परा भुल्ने,
आधुनिकताको नाममा
आफ्नै पहिचान दाउमा राखेर
पराइको अपनाउने,
आखिर माटोलाई बिर्सने स्वार्थी न हुँ म !

कति सहनशील छ मेरो गाउँ
गर्दैन दण्डित तैपनि
भकुर्दैन कठालो समाएर
लघार्दैन लाठो लिएर
मात्र प्रश्न गर्छ –
लाज लाग्दैन गाउँ बिर्सेर गाउँको कविता लेख्न ?
र म नजबाफ, शिर निहुराउँछु ।

(vinodnepal@yahoo.com)

कविता

# देवरालीको हवा

**विमर्श गुरूङ**
**(सिक्किम विश्वविद्यालय, भारत)**

तिम्रो सौन्दर्यमा भुल्लाएर,
अँगालोमा झुल्लाएर,
देवरालीको हवासँग
कहाँ बगिगयौ तिमी ?

स्थिरतालाई हल्लाएर,
मनलाई मेरो रूलाएर,
देवरालीको हवासँग
कहाँ बगिगयौ तिमी ?

आत्माबाट स्विकारेथेँ,
मनले मन पराएथेँ,
माया पिरती चडाएथेँ;
गाजलु ती मिठा आँखा-
झिमझिम्याउँदा
पिल-पिल आँसु झारेजस्तै-
तिम्ले मलाई गिज्याउँदा,
मनमा वाण च्वाँस्स घोची
देवरालीको हवासँग
कहाँ बगिगयौ तिमी ?

हिजसम्म जूनको ज्योति,
आज किन तिखो आगो ?
सुनेकै होलाऊ
'लोग्ने स्वास्नीको झगडा, परालको आगो ।'
ल ठिकै छ,
जूनको ज्योति सुप्तजस्तै
म शान्त पानी बनिदिउँला,
कलही आगो नबनेर
झन् झन् तिमी नरिसाउनू;
देवरालीकै हवाले होला -
अझ दनदन दन्केर

ज्वलन्त तिमी जलिरहेकी ।
के तिम्रो माया पनि
देवरालीकै हवासँग बगेर गयो कि ?

मिठा मिठा तिता सत्य
बाटेका स्मृतिले पनि होलान्,
सम्झनामा आफूलाई तिता तिता लाग्छ,
अनि तिमी ?
तिमी त त्यही सधैँझैँ मिठा मिठा ।
फेरि
तिमी त्यहीँ छौ,
तिमी यहीँ छौ,
तिमी मेरो वरिपरि नै छौ,
छौ त बस् दुई कोस टाढा !
तर, त्यो दुई कोसको कसावलाई पनि
कसो गरी कडा कस्सेर
देवरालीको हवासँग बगाई पठाऊँ ?

चम्किलो-सुहाउँदिलो
सुन्दर सुन्दर रूपहरू,
मायासरि-मनभरि
हिजसम्मका 'माया'-लाई
आजको दिन
आँखाभरि-सम्झनासरि
सुदूर मनका कुना-काप्चा
कुना-काप्चाका खाल्डै-खाल्डा
खाल्डै-खाल्डामा चोटै-चोट
चोटै-चोटका घाउै-घाउ
पीडा, व्यथा, वेदना;
तिमी नै भन
हिजसम्मको एक मुटुलाई
आज कसोरी दुई भाग चुँडाएर
देवरालीको हवासँग बगाइपठाऊँ ?

तिम्रो सौन्दर्यमा भुल्लाएर,
अँगालोमा झुल्लाएर,
देवरालीको हवासँग
कहाँ बगिगयौ तिमी ?

(bimarshgurung123@gmail.com)

कविता

# कस्तो चिकित्सक



**मुकुन्द पोखरेल**

कुमालकोटी किरा जातीय
श्यामसुन्दर जीव हो ।

यो अरू वंशीय किरा लैजान्छ
शल्यक्रिया, अङ्ग प्रत्यारोपण
गर्छ कि सर्जनजस्तै ?
आन्तरिक उपचार गर्छ कि
फिजिसियनजस्तै ?
मनोवैज्ञानिकजस्तै
शिक्षा-दीक्षा दिन्छ कि ?
डरत्रास देखाउँदै, शारीरिक रूपान्तरण,
मानसिक परिवर्तन गराउँछ कि ?
यो कस्तो चिकित्सक हो ?

यसको आवासीय भवनको
पर्या, शैलीविज्ञान हेर्दा
त्यत्तिकै कलात्मक मात्र छैन
यो अभियन्ता जस्तो पनि छ
शल्यक्रिया, उपचार-कक्ष छन् भने
कस्ता यन्त्र जडित होलान् ?

माकुरा लैजान्छ कुमालकोटी
बनाउँदै ल्याउँछ
अरूका गुरु दत्तात्रय
दत्तात्रयका चौबिसमध्ये
एउटा गुरु यो कुमालकोटी
कस्तो चिकित्सक हो ?


**शब्दाङ्कुरका वितरक**
साहित्यिक पुस्तक पत्रपत्रिका सप्लायर्स
चावहिल, काठमाडौँ,
फोन : ०१-४४९७३५१/९८४१-१४४९६७/९८४९-७२९६७६

कविता

# के बुद्धहरू शान्तिले बाच्न पाउँदैनन्

जीवन आचार्य 'निश्चल'



आज सबेरै
बोकेर हातमा कमन्डलु
र त्यसभित्र छुरी
विरहको गीत गाउँदै
भिक्षाटनका लागि निस्केको छ
बुद्ध गाउँमा ।

घमाइलोमा घाम ताप्दै,
रमाइलो गर्दै
उन्मुक्त हाँसो हाँस्दै,
रमाउँदै छ बुद्ध
र सकिरहेको छैन
ढुङ्ग्राको प्रश्नमा जबाफमा फूल पठाउन ।

पलेटी कसेर ध्यानमग्न बन्न खोज्दै छ ऊ
यहाँ त्यसकारण बुद्धु भएको छ बुद्ध,
बुद्ध भएको छ बुद्धु
मजाक बन्यो शान्ति तपाईंहाम्रा अगाडि
शान्ति, बुद्ध खोज्न निस्किएको छ मातेर
अचानक आगोसँग जिस्किँदै छ बुद्ध गाउँ पसेर ।

बुद्ध गाउँमा छिरेपछि
एकाएक एकता,
ए कता फर्कियो गाउँका मान्छेको मन
त्रसित भएको छ आमाको ममता
बाघ देखेर नडराउने केटाकेटीहरू
कोकोहोलो मच्चाउँदै छन् खुसीले ।

यहाँ बुद्धको खोलले काम गरेको छ
सुनमा सुगन्ध थपियो झन्

वाल्मीकिका अनुहार परेको रत्नाकर ।
हे ईश्वर !
तँ छस् भनेर तेरो शरणमा आउनेलाई
आफैसँग राख् सक्छस् भने
मुखले राम राम भनिबस्छ
जो विद्रोह गर्छ
जसले अन्यायको आवाज बोक्छ
यी सबैको आवरण मात्रै हो ।

हिजोका केही पर्वहरू परिवर्तनको नाममा
कलीले देखाएको रासलीला न रहेछ
शान्तिको गीत गाउँदै
तरबार बोकेर हात हातमा
टुहुरा बनाए सपना
उजाड बनाए बस्ती
अलपत्र पारे पूर्ण निर्माण
भजाएर खाए खाँदै छन् लुम्बिनी ।

बुख्याचा बुद्धकै हो
तर पनि त्रसित छ मान्छे,
बुद्धको त कुरा छाडौँ
हामीलाई
बताएका इतिहासमा मलाई शङ्का छ ।

नाम मात्रको फरक फरक न हो
कोत, भण्डारखाल, दरबार
सत्ता हत्याउने प्रपञ्चलाई परम्परामा विकसित गरे ।

भ्रम बाँडेर भ्रमकै खेती गरिरहे
इतिहास साक्षी छ
खोतलखातल पारेर हेर
सहिदको सपना भन्दै
मान्छे मार्ने खेतीमा को फस्ट आउने
होडमा दौडिरहेको छ बुद्ध
त्यसैले
यहाँ बुद्ध शान्तिले बाँच्न बुद्धु बन्नै पर्छ ।

(acharyajiban626@gmail.com)

कविता

# मेहनतको विरासत र वर्तमान



मिथिलेश 'आदित्य'
(विराटनगर, नेपाल)

मभन्दा पहिले पनि मानिसहरू थिए–
जो भोरको सूर्यझैँ उज्यालोसँग उठ्थे,
र रातको सानो दियोझैँ
आफ्नो जिदले अँध्यारोलाई टाढा राख्थे ।

किसान जब खेतमा हल चलाउँथ्यो,
घाम उसको छालामा पसिनाको सुनजस्तै टाँसिन्थ्यो,
र घरका शान्त कुनाहरूमा
आशाको सानो उज्यालो बलिरहन्थ्यो ।

उनीहरूको ओठमा शब्दभन्दा धेरै
श्रमको पसिना हुन्थ्यो,
जसमा कुनै प्रार्थना थिएन,
तर त्यही पसिनाभित्र
ईश्वरको मौन स्पर्श लुकेको हुन्थ्यो ।

त्यही श्रम
चुल्होको ताप बनेर घरलाई सास दिन्थ्यो,
र अँध्यारा कोठाहरूमा
भोलिको भरोसाको सानो दियो बाल्थ्यो ।

उनीहरूको हातमा
भाग्यको कोरिएको रेखा थिएन,
धरती आफै उनीहरूको भाग्य थियो–
जहाँ हरेक बिहान
सङ्घर्षको बिउ रोपिन्थ्यो,
र हरेक साँझ
आत्मसम्मानको फूल फुल्थ्यो ।

आज म बुझ्दै छु–

दुई बेला रोटी
केवल पेटको तृप्ति होइन,
मान्छेको श्रमले कमाएको
सम्मानको उज्यालो हो ।

सङ्घर्ष हार होइन,
भोलिको उज्यालोतिर
चुपचाप हिँडिरहेको सूर्यको यात्रा हो ।

हरेक प्रयासको ढुङ्गा
आजको बाटो बन्छ,
र हरेक पसिनाको थोपा
जीवनको पानामा
अक्षरजस्तै टाँसिन्छ ।

उनीहरू आज देखिँदैनन्–
तर समयको धुलोभित्र
उनीहरूको पदचिह्न अझै बाँकी छ ।

म जहाँ उभिएको छु,
त्यहीँ कतै उनीहरूको श्रम
मौन सूर्यझैँ चम्किरहेको छ–

र म बुझ्दै छु,
मेरो जीवनको प्रत्येक मोडमा
उनीहरूको मेहनत
मार्ग देखाउने उज्यालो बनेर
अझै साथ हिँडिरहेको छ ।

(m.adityabihar@gmail.com)

**अस्ट्रेलियामा शब्दाङ्कुर पाइने ठाउँ**

**शब्दाङ्कुर बुक्स एन्ड पब्लिकेसन, अस्ट्रेलिया**
sabdankuraustralia@gmail . com | Phone: 061 -0403721631 (Whats App and Viber)

**सिडनी, अस्ट्रेलिया**

कविता

# मेरो देश



हरि आत्रेय

आकाश छुने हिमशृङ्खलाहरू
गुराँस फुल्ने अनुपम लमतन्न पहाडहरू
अविरल बग्ने गहिरा नदीहरू
तराई, पहाड र हिमालको त्रिवेणी भूगोलले
जीवित सङ्ग्रहालय प्रतिविम्बित गर्छन् ।

कलात्मक मठ, मन्दिर र स्तूपाहरू
धर्म संस्कृतिका आस्थाहरू
विविधतायुक्त भाषा, वेषभूषाले
गर्विलो पहिचान बनाउँदा
मेरो देश हर्षको अभिमानले
गौरवको अनुभूति गर्छ ।

प्राकृतिक छटामा नयन थाक्दैन
मनोरम दृश्यले मन तृप्त हुँदैन
विवधताको संस्कृतिमा
सहिष्णु राख्ने पवित्र हृदय
कहिल्यै विचलित हुँदैन
कला पौरखीको कुशल सभ्यतामा
मेरो देश धपक्क फुलेको कमलजस्तै लाग्छ ।

संस्कृति यहाँको गीत हो
रीतिरिवाज यहाँको सङ्गीत हो
जहाँ सल्लेरीले गुनगुनाउँछ
भोटेसेलो र सोरठी भाकामा नाच्छ
पूर्णिमाको उज्यालोमा, दियालोको धिपधिपेमा ।

देश कविता हो
लेखिन्छ प्रकृतिको विषमता
सभ्यता मानव जीवन हो
उदाउँछ भविष्य वर्तमानबाट
जीवन रङ्गमञ्च हो
अज्ञात अदृश्य शक्तिले ललाटमा कोरेको

जहाँ कर्मअनुसार जीवन व्यतीत हुन्छ ।

परिभाषा बद्लिँदो रहेछ समयअनुसार
देश त न भूत हो, न त भविष्य नै
यो त जीवित निरन्तर वर्तमान हो
अतः सहअस्तित्व र स्वाभिमानका लागि
मानव आत्मा बोल्नुपर्छ
बनाउनुपर्छ विशाल हृदय
बन्ने छ जिवात्माको समृद्ध भविष्य ।

(haribktpoudel@gmail.com)

कविता

# परिवर्तन



**गोपालकुमार मैनाली**

हिजो गाँउमा -
कसैको घरगोठ आगलागी हुँदा
सबै मिलेर -
माटो, पानी, काँचो स्याउलाले छोपेर निभाउँथ्यौँ
बाढीले कसैको घरखेत बगाउँदा
छिमेकी मिलेर राहत बाँडिन्थ्यो
पहिरोले घरखेत लैजाँदा
सहयोगका हातहरू अघि बढ्थे
दुर्घटना, दुःख र बिरामीमा
उद्धारका कैयौँ हात जुटथे
एउटाको दुःखमा अर्का दुःखी हुन्थ्यौँ
आत्मीयता जिउँदो थियो
संवेदना कोमल थियो
नपढाई पढिने अनिवार्य पाठ थियो
मानवीयता

तर खै ! समय परिवर्तन भयो
आजको नयाँ पुस्ता
हरेक घटनालाई मोबाइलमा कैद गर्छ
फेसबुकमा पोस्ट गर्छ
र, भाइरल बनाएर मक्ख पर्छ ।

(kumarmainaligopal@gmail.com)

कविता

# म बाँचेको परिवेश

**गगन राई**
**(ओखलढुङ्गा)**

छ जसको शक्ति, सम्पत्ति र नजिकको इष्ट
छ भएको उही सम्मानित, पुरस्कृत र विशिष्ट ।

छन् जो नैतिकवान, इमानदार र कर्तव्यनिष्ठ
छन् भएका उनै अपहेलित, शोषित र कनिष्ठ ।

छन् जो योग्य र गर्छन् निःस्वार्थ काम
छन् भएका उनै आरोपित र बदनाम ।

छ जसले दिएको देशलाई अथक योगदान
छ पाएको उसले नै तिरस्कार र अपमान ।

छ जसले चलाएको पाखुरा बगाई पसिना
छ भएको उही गरिब र पाउँछ पनि घृणा ।

छन जो विद्वान्, शिक्षित र देशभक्त
छन् तिनै राज्यबाट उपेक्षित हर बखत ।

छ जसको सफा आवरण र सुन्दर चित्र
छ उसैको कुरूप, द्वैध र कुटिल चरित्र ।

छन् जो भ्रष्टाचारी, धुर्त र देशद्रोही
छ तिनकै चर्चा, व्यापक वाहवाही ।

छन् जो गफाडी र काम सिन्को भाच्दैन
तिनै सोझालाई नठगी बाँच्नै सक्दैन ।।

## सर्जकमा विशेष अनुरोध

कृपया अन्य पत्रपत्रिका, फेसबुक, अनलाइन पत्रिका आदिमा अप्रकाशित र प्रकाशनका लागि अन्यत्र नदिइएका प्रकाशनयोग्य रचना मात्र सम्पादनको अधिकारसहित शब्दाङ्कुरमा प्रकाशनार्थ पठाउनुहुन र यस मासिकमा प्रकाशनार्थ पठाइएका रचना अन्यत्र छपाउनुपर्ने भएमा सूचना दिएर मात्र छपाउनुहुन हार्दिक अनुरोध गर्छौं ।

**शब्दाङ्कुर परिवार**

# अनारकली

अञ्जना वर्मा

'ऐ ! चुप लाग । जति खेर हेरो त्यति बेलै मुस्कुराइरहेकी हुन्छे, ठी-ठी-ठी-ठी हाँसी नै रहन्छे । न कुनै सोच, न कुनै चिन्ता । अलिकति पनि सरम छैन ?' दीपाकी भाउजूले भनिन् ।

'केको सरम भाउजू ? मैले के गरेकी छु र ? कुन गलत काम गरेकी छु र सरमाऊँ ?' दीपाले भनिन् ।

'के गरेकी छु ? मसँग सोध्छौ ? आफैलाई सोध ।'

'के सोधूँ ? भन त ? ... के ?'

'सोध न आफैसँग ? तिमीलाई कुनै चिन्ता-फिक्र छ ? प्रेमजी गए त गए आफ्नो जीवनबाट । तिम्रो केही बिग्रियो क्या हो ?'

'तिमी नै जान्दछ्यौ मेरो केही बिग्रिएको छैन ? मेरो बिग्रिएन त कसको बिग्रियो ? भन ? म जुन सहिरहेकी छु, त्यो त म नै जान्दछु । आज म नै तीन तीन बच्चा लिएर पल पल ठोक्कर खान बाध्य भइरहेकी छु । उनी रहन्थे भने के म जान्थेँ अर्काको घरद्वारमा काम गर्न ?'

'अँ... त्यसैले फेसन गरेर जान्छ्यौ काम गर्न... ।'

'म मजबुरीमा काम गर्न जान्छु । त म के गरूँ ? घरबाट बाहिर निस्कँदा च्यातिएका कपडाहरू लगाएर निस्कूँ ? जस्तो लगाउँथेँ, त्यस्तै लगाउँछु ।'

दीपाकी भाउजू आज कुनै प्रकारले उसको दिल आफ्ना व्यङ्ग्यप्रहारले चिरिदिन चाहन्थिन् । यो सुनेर हात नचाउँदै भन्न लागिन्, 'ला यो ! भन्छे जस्तो लगाउँथेँ, त्यस्तै लगाउँछु ! अरे... यो कुरा तिम्रो दिमागमा आउँदैन कि अब यस्तो लगाउनु हुँदैन । तिमीले... सजिनु पर्दैन । तिमीले पहिलेको जस्तो... । बुझ्दै बुझ्दिन यो त ! यदि लगाउनै चाहन्छ्यौ त लगाऊ नन्द रानी । तर अरूले तिम्रो विषयमा के भन्छन् केही खबर त लेऊ... ।' यो भनेर सुनिता मुस्कुराउन थालिन् ।

यो सुनेर दीपालाई भक्कानो छुटेर आयो । भनिन, 'के ? के भन्छन् तिमी नै भन न ?'

भाव बनाउँदै सुनिता भन्न थालिन्, 'म के भनूँ ? तिमीले नै सोध्नू कसैसँग । तिम्रो विषयमा मान्छेहरू राम्रो भन्दैनन् । भन्छन् सधैँ यसरी बनिएर कहाँ जान्छे ? ... के काम गर्छे ? यो सब सुनेर मेरो पनि शिर झुक्ने गर्छ ।'

अहिलेसम्म त दीपा वाकयुद्धमा मोर्चा सम्हालिरहेकी थिइन् तर यो सुन्नेबित्तिकै घाइते भइन् । रून्दै भनिन्, 'सधैँ सधैँ तिमी मलाई भनिरहन्छ्यौ । साँचो त यो हो कि तिमीलाई मैले र मेरा नानीहरूले बाँचेको सह्य हुँदैन । मैले तिम्रो के बिगारेकी छु ? अरू केही छैन भन्नलाई अनि भन्छ्यौ उनीहरू यसो भन्छन्...'

यसो भनेर दीपा डाँको छाडेर रून थालिन् । उनको रोएको आवाज चारैतिर फैलिन थाल्यो । उनले रोएको देखेर सुनिता भित्रभित्रै सन्तुष्ट भइन् र त्यहाँबाट गइन् । दीपा अबेरसम्म त्यहीँ

बसेर घुँडामा टाउको राखेर रोइरहिन् ।
अब यो सधैँको काम जस्तै भइसकेको थियो । आज फेरि सुनिताले उनलाई यसरी गाली गरेकी थिइन् । लोग्नेको स्वर्गवासपछि नै त उनले भाइको शरणमा आउनुपरेको थियो । दीपा बारम्बार पछुताउँथिन् कि उनको लोग्नेको स्वर्गवासपछि किन उनी दाजुको छेउमा आएर बसिन् ? तर यसको कुनै विकल्प पनि त उनीसँग थिएन । यो सामाजिक सोचाइले गर्दा कि कुनै पनि आइमाईको शिरमा कुनै पनि सम्बन्धको पुरुषको छाया रहनुपर्छ– उनी मुक्त थिइनन् र मुक्त हुन पनि सक्तिनथिइन् । उनी छुट्टै एउटा कोठो लिएर आफ्ना तीन नानीसँग निवास गरिरहेकी थिइन् । भलै त्यो कोठो दाजुको छेवैमा थियो तर आफ्नो खर्च उनी आफै उठाइरहेकी थिइन् । आर्थिक समस्या हल गर्ने प्रयास छ महिनासम्म गरिरहिन् । जब सफल हुन सकिनन् तब दाजुसँग कुनै नोकरीमा लगाइदिन भन्नुपऱ्यो । तब दाजुले साडी दोकानमा सेल्स गर्लको नोकरी खोजिदिए । अढाई हजार रुपियाँको नोकरी सुनेर दीपा यति खुसी भइन् कि उनको खुसी बोलीमा, उनको अङ्ग सञ्चालनमा र अनुहारमा झल्किन थाल्यो । दोकानमा जब काम गर्न गइन् तब सजिएका रङ्गीबिरङ्गी साडीहरू देखेर यति खुसी भइन्, त्योभन्दा अधिक उनी अधैर्य भइन् कि यस्ता सुन्दर साडीहरू उनका हुँदा हुन् । सुरु सुरुमा साडी देखाउने काम उनलाई राम्रो लाग्थ्यो । ग्राहकलाई साडी खोली खोली जति देखाउँथिन्, त्यसभन्दा बढी आफै हेर्थिन् तब उनको मनमा कतिओटा सुन्दर साडी लगाउने इच्छा झन् बढेर आयो । तर आस्ते आस्ते उनलाई थाहा लाग्यो दिनभरि साडी फिँजाउनु र मिलाउनु जस्तो पट्टाइ लाग्ने काम अरू केही हुन सक्तैन । यो नोकरीले गर्दा उनको दिनचर्या धेरै तनावपूर्ण भयो । बिहान नानीहरूलाई स्कुल पठाएर घरबाट निस्कन्थिन् । नानीहरू स्कुलबाट फर्किएर मामाको घरमा जान्थे । सुनिता उनीहरूसँग कस्तो व्यवहार गर्थिन् त्यो पनि उनलाई नानीहरूबाट थाहा लागिसकेको थियो । रातिको आठ बजे उनी दोकानबाट छुट्थिन् तब पूरा थाकेर नौ बज्दा घर पुग्थिन् । यो काममा टिक्न धेरै गाह्रो भइरहेको थियो । त्यसैले मुस्किलले केही महिना मात्रै बितेको थियो, उनले यो नोकरी छाडिदिइन् तर चार साडी कम मूल्यमा लिन भने भुलिनन् ।
अब उनको अगाडि यहीँ सवाल थियो कि के काम गरेर नानीहरूलाई पालनपोषण गर्छिन् । अब केवल घरको काम नै थियो जो उनी गर्न सक्तथिइन् र यस्का लागि उनी मानसिक रूपले आफूलाई प्रस्तुत गर्न थालेकी थिइन् । झाडुपोछा भाँडाकुँडाको काम गरेर उनी आफ्नो नजरमा दीन-हीन बन्न चाहन्नथिइन् । खाना बनाउने काम खोज्न थालेकी थिइन् । यस कामका लागि पनि उनले आफैलाई मानसिक रूपले तयार गरिसकेकी थिइन् । यो सोचेर कि सानो अभावग्रस्त गृहस्थीमा गृहस्वामिनी भएर रहने जुन गौरव थियो त्यो त अब टुट्नु नै थियो तब यो नै सही । कहाँ कहाँबाट गिरेर उनी घरमा खाना बनाउने काम गर्न तयार भइरहेकी थिइन् । आर्थिक भुमरीबाट बच्न उनीसँग अरू कुनै विकल्प थिएन । उनले आफूले चिनेजानेकालाई भन्न थालिन् कि कुनै चिनेजानेको घरमा उनका लागि यो काम खोजिदिउन् । आखिर एक ठाउँमा काम मिल्यो । त्यसले उनलाई केही राहत त मिल्यो तर त्यसबाट मिल्ने वेतन उनका लागि र नानीहरूका लागि पर्याप्त थिएन । त्यसैले उनी अर्को एक काम खोज्न थालेकी थिइन् । उनलाई पहिलेदेखि नै खाना बनाउनमा रुचि थियो तर जब खाना बनाउने

कामले नोकरीको रूप लियो तब घरबाट निक्लँदै उनी आफ्नो मजबुरीसँग रू-ब-रु हुन थालेकी थिइन् । यति अवश्य थियो कि उनी पूरा सजिएर निस्कन्थिन् तब त्यो सोचाइ दबिने गर्थ्यो । सुन्दर देखिने र लगाउने ओढ्ने इच्छा बाल्यकालदेखि नै थियो उनको । सानी छँदा पर्व-त्योहारहरूमा किन्ने कपडाहरूको अधीर भएर पर्खने गर्थिन् । विवाहपछि त उनलाई लाग्यो अब सजिने सँवरने दिन आए । लोग्नेसँग किसिम किसिमका साडीहरू मगाउँथिन् । खुब सिँगारिएर आफूलाई ऐनामा हेर्थिन् र विभोर हुन्थिन् । सधैँ मुस्कुराइरहने आदतले उनको सुन्दर रूपलाई अझ मोहक बनाइदिने गर्थ्यो । हर कुरामा लजाउने, थोरै बोल्ने र नजर झुकाएर आफ्नो बाटो हिँडने- यी सब कुराले उनी हिँडडुल गर्ने नायिकाजस्तै लाग्थिन् । बाटामा यताउता नजर पनि डराई डराई लगाउँथिन् । तीनओटा नानी भएपछि पनि अनुहारको बालापन बचि नै रहेको थियो कि यदि स्कुलको पोसाक लगाउनु हो भने उनलाई आठ कक्षाको विद्यार्थीसरह नै मानिने थियो । तर उनको लोग्नेले उनलाई छाडेर गयो र उनी छाडिइन् आफ्नो सौन्दर्य, मोहक अङ्गी-भङ्गी र सजिने सँवर्ने मोहका साथ ।

जब उनी पहिलो दिन हरिश निगमको घरमा जान निक्लेकी थिइन् तब यसरी गइन् कि कोहीसँग भेटन गइरहेकी छिन्- सस्तो सिफनको साडी र जिउमै टाँसिएको ब्लाउज लगाएर, गोडामा सुन्दर चप्पल लगाएर, नङमा चित्र बनाएर र सस्तो सौन्दर्य प्रसाधनको महक बिखेर्दै उनले हरिश निगमको कलबेल बजाइन् । मिसेज निगमले दरबाजा खोलिन् तब उनलाई माथिदेखि तलसम्म छक्क परेर हेरिरहिन् । केटी सुन्दरी पनि छे र आफ्नै प्रकारले पूरा फेसनेबल पनि । मन लाग्छ यो काममा ? हुन सक्छ दुई दिनपछि नै काम छाडेर बस्लिन् अथवा केही गर्न नआउँदो हो ? अब त जे होला हेर्नुपर्ला । उनले थाहा पाएकी थिइन् कि यो मध्यम वर्गीय खानपानकी घरकी हो र मजबुरीमा काम गर्न निक्लेकी हो । यो कुरो त उनको वेशभूषा र देहको लयबाटै झल्किरहेको थियो । साँच्चै यसलाई काम गर्न बाहिर निस्कन मुस्किल भयो होला । तर... किस्मत... के गराउँदैन ? मिसेज निगम केही पलसम्म उसलाई हेरेर सोचिरहेकी थिइन् । तर उनको सोचाइको विपरीत दीपा राम्रो काम गर्न थालिन् । खुब मन लगाएर प्यारले खाना बनाउँथिन् । सब्जीको मसला भुट्थिन् त यसरी कि त्यसको गन्ध घरको हावामा उडन थाल्थ्यो । खुर्सानी खान र लगाउन ज्यादै सिपालु थिइन्, जसले गर्दा मसलामा हालेको खुर्सानीको कडा पिरो घरका मान्छेहरूको घाँटीमा लागेर खोकी छुटाइदिन्थ्यो । 'अरे दीपा ! के गर्दै छ्यौ ? खुर्सानी धेर हालेउ क्या हो, कम हाल्ने गर ।' मिसेज निगम भन्थिन् ।

त्यसो भए पनि जब उनको हातले बनाएको खाना सामुन्ने हुन्थ्यो तब सबै खाएर तृप्त हुन्थे । उनको पाककलाको प्रशंसा अनायास सबैको मुखबाट निस्कने गर्थ्यो र दीपालाई पनि यहीँ कुराले सन्तुष्टि मिल्ने गर्थ्यो । उनी मुस्कुराउँदै आउँथिन् अनि मुस्कुराउँदै निस्केर जान्थिन् । सुनिता घरको द्वारमा बसेर आउँदाजाँदा उनलाई हेर्ने गर्थिन् । त्यो मुस्कुराहट उनको दिलमा तीरजस्तै बिझ्ने गर्थ्यो । उनी चाहन्थिन् कि कुनै प्रकारले उनको अनुहारको मुस्कुराहट गायब भइजाओस् । उनी सधैँ सधैँ नयाँ नयाँ कपडा लगाउँछिन् त किन ? उनी बाहिर गुलामी गरेर पनि मुस्कुराइरहेकी छन् र उनी घरमा रानी भएर पनि नोकर्नीसरह भइरहेकी छन् । उनको दिमागमा विभिन्न प्रकारका कुटिल विचारले आकार लिन थाले । उनी किन दीपाजस्तै

सजिएर सुन्दर बन्न सक्दिनन् जब कि उनको वर्ण दीपाको भन्दा राम्रो छ । दीपाको भन्दा धेरै दामी कपडा लगाएर उनको भन्दा धेर हैसियत भएर पनि, चाहेर पनि उनी त्यसरी मुस्कुराउन सक्दिनन् त किन ? उनको चारैतिर खुसी छ– लोग्ने, बच्चाहरू, घरद्वार, पैसा । दीपा लोग्ने गुमाएर आर्थिक सङ्कटको चेपारोमा परेर पनि मुस्कुराइरहन्छिन् । आखिर के जडीबुटी छ उससँग ?

यही कुरो सुनितालाई खट्किन्थो । जहिलेदेखि उनी खाना बनाउने काम गर्दै केही स्वनिर्भरशील हुँदै गइरहेकी थिइन् आफ्नो जिन्दगीबाट, सुनितालाई सहन गर्न मुस्किल हुन थालेको थियो । त्यसैले आज उनी बिहानै झगडा गर्न थालेकी थिइन् ।

रोइकराइ गरेर दीपा चुप लागिन् त देखिन् धेरै बेर भइसकेछ तब उनी काममा जान सकिनन् । दीपाका लागि सजिलो थिएन तीन बच्चालाई हेरचाह गर्नु र बिहानबेलुका खाना बनाउन जानु । थाकेर शरीर थिल्थिलो हुन्थ्यो । दुई पल आँखा चिम्लन पनि गाह्रो हुन्थ्यो उनलाई । बिहानै उठेर दुई बच्चालाई तयार गरेर स्कुल पठाउँथिन् एक छोरा र एक छोरीलाई । सबभ(न्दा सानोलाई घरमा छाडेर जानुपर्थ्यो । त्यसैले उसलाई सुनिताकोमा राख्नु उनको मजबुरी थियो । कामबाट फर्किएर सबभन्दा पहिले सानो छोरालाई लिन भाउजूको घरमा पुग्थिन् । उसलाई लिएर जब किरायाको कोठामा पाइला राख्थिन् कि ऊ शिकायत गर्न थाल्थियो, त्यहाँ उससँग के के भयो । कसैले धकेलिदियो त कसैले मुख तानिदियो अथवा यस्तै के के । सुनिता स्वयम् त्यो बाउ नभएको बच्चालाई चिढाउन पछि पर्दिन थिइन् जुन त्यो बालकले पनि बुझ्थ्यो । दीपा जान्दथिन् कि यी कुराहरू साँचा हुन् । उनलाई सधैँ यी सब सुनेर घाइते बन्नुपर्दथ्यो तर कुनै उपाय थिएन– त्यो सानो बच्चाका लागि जो स्कुल पनि जाँदैन । उनले सोचिन् कि बिहान त सुनिताकोमा राख्नै पर्छ तर बेलुका सबै बच्चालाई कोठा बाहिर खेल्नू भनेर काममा जान थालेकी थिइन् । जानुभन्दा पहिले उनी तिनीहरूलाई सम्झाउँथिन्, 'हेर लडाइँझगडा नगर्नू । म चाँडै आउँछु र हेर अरू केही कुरो छ भने.... ।' बाँकी शब्द उनी आफ्नो ओठभित्रै छाडिदिन्थिन् । कोठामा ताला लगाएर निस्किन्थिन् ।

अब उनलाई दुई घरमा काम मिलेको थियो । त्यसैले उनी छिटो छिटो काम सक्ने गर्दथिन् । खाना बनाउने रहर हराइसकेको थियो ! अब उनी भुल्ने गर्दथिन् कि के बनाइरहेकी छन् । कहिले मसला भुटिँदैनथ्यो त कहिले आँटा थोरै माडिन्थ्यो कहिले सब्जी पूरा पाक्दैनथ्यो त कहिले दाल झान्न बिर्सन्थिन् । अक्सर काँचो–कचिलो खाना बनाएकोमा उनले कुरा सुन्नुपर्ने हुन्थ्यो । हड्बडाउँदै घर फर्कन्थिन् ।

तर यी जलनका दिनमा पनि उनको रहर धमिलिएको थिएन । किसिम किसिमका साडीहरू त थिए नै उनीसँग । उता उनले जहिलेदेखि केटीहरूले अनारकली लगाएको देखेकी थिइन् उनको दिलमा पनि अनारकली लगाउने इच्छा जागेको थियो । आम्मै ! अनारकली के सुहाउँछ जिउमा । उनलाई याद आउँथ्यो कि प्रेमले किन भन्थ्यो, 'हेर, साडीमा तिमी कत्ति राम्री देखिन्छ्यौ । साडी नै पहिरने गर । अनि तिमी नि ? कहिल्यै पनि अरू लुगा नलगाउनू । आइमाई त साडीमै बहुत सुन्दर देखिन्छन् । तिमी जति चाहन्छ्यौ म त्यति साडी ल्याएर दिन्छु ।'

यस्तो ऊ त्यति बेला भन्थ्यो जब नसा चढेको हुन्थ्यो । नसा उत्रिएपछि उसले कहिल्यै अरू

पहिरन किनेन । यो मनमा आउँदा उनलाई एक्लै पनि हाँस उठने गर्थ्यो । दोटङ्गी.. तर अब त उनले दोटङ्गी लगाउने मन बनाइसकेकी थिइन् । उनी अनि त्यसपल्ट दिपावलीको पहिले बेतन मिल्यो तब जम्मै कपडामै खर्च गरिन् । नानीहरूका लागि लिइन् कामचलाउ । आफ्ना लागि किनेकी थिइन् गहिरो निलो रङको पारी भएको अनारकली सुट, पारीवाला दोपट्टासँग । उनले सोचिन् कि बच्चा अहिले के जान्दछन् र ? ठुला भएपछि लगाउने छन् रोजीका कपडा ।

दिपावलीको दिन नयाँ सुट लगाएर आफूलाई ऐनामा हेरिन् र आफैमा मुग्ध भइन् । महिना दिनअघि गाउँ गएकी थिइन्, त्यहीँ नक्कली पायल किनेकी थिइन् । उनले गोडामा तिनै पायल लगाइन् । पारी भएको अनारकलीको तल्तिर गोरा गोडाहरू हेरिरहेका थिए पायलमा सजिएर । उनले सोचिन्, उनका गोडा कति सुन्दर देखिएका छन् । मन लाग्छ उनलाई आफ्नै गोडालाई नै हेरिरहूँ । अनि त्यो निलो सुट कत्ति राम्रो देखिएको छ । जस्तै मयूर होस् त्यो हरियो घाँसमा कालो बादलमुनि छिरबिरे पखेटा फिँजाएर नाचिरहेको मयूर । यदि अहिले प्रेम जीवित हुन्थ्यो भने उनलाई हेरेर भन्नेथ्यो कि दोटङ्गी नलगाऊ । होइन, निश्चय खुसी हुने थियो । अचानक दुःखको एक लहर उनको मनभित्र उठ्यो अनि उनको मुस्कुराइरहेको चेहरा उदास भयो । तैपनि पूरा आत्मविश्वासका साथ आफ्ना तीनै बच्चालाई साथ लिएर बजारतर्फ लागिन् । सुनिता घरबाहिरै बसेकी थिइन् । दीपाले उनलाई हेरिन् त आफ्नो अनुहार अर्कोतर्फ फर्काइन् मानौँ उनलाई देखेकै छैनन् अनि बच्चाहरूको हात समाएर अघि बढिन् । उनी बच्चाहरूलाई पटाखा र फुलभ्कडी देखाउन गइरहेकी थिइन् ।

बच्चाहरू आफ्ना हातमा रकेट, अनार र फुलभ्कडीका प्याकेट लिएर फर्किरहेका थिए र आइपुग्नेबित्तिकै पटाखा र फुलभ्कडी जलाउन लागे । दीपालाई पहिलोपल्ट यस्तो लाग्यो, आफ्नै कमाइबाट आफ्ना लागि र नानीहरूका लागि खुसी जुटाउन सकिन्छ । उनी पूरा सन्तोषसँग बच्चाहरूलाई हाँस्तै खेलेको देखेर सुखी भइरहेकी थिइन् । लोग्ने गएपछि अभाव र सङ्घर्षको ताप यी ससाना नानीहरूले पनि भ्केल्नुपरेको थियो । अब सबै हाँस्तै गर्दा कत्ति राम्रो लागेको थियो । उनका आँखाहरू रसाए । पटाखाको स्वर र फुलभ्कडीको रङ्गीन चकाचौँधका बिच उनलाई प्रेमको याद आयो । कतै नानीहरूले उनलाई रुँदै गरेको नदेखुन् । यदि यस्तो भयो भने उनी यी आँसुहरूको अर्थ उनीहरूलाई बुभ्काउन सक्तिनन् । उनी त्यहाँबाट उठेर गइन् । अर्को दिन काममा जाँदा उनले अनारकली सुट लगाइन् । बाटामा हेर्नेहरूले उनलाई हेरि नै रहे । सुनिताको मनमा उनले लगाएको अनारकली कुनै सुइरोजस्तै बिझ्यो । दुईतीन दिनसम्म त चुप रहिन् र मौका छोपिरहिन् ।

त्यो दिन बेलुका दीपा कमलेशसिंहको घरमा खाना बनाउन पुगिन् । हरिश निगमको घरको काम सकेकी थिइन् । सोचेकी थिइन् कि यहाँ पनि चाँडै खाना बनाएर निस्कने छिन् तर विभिन्न व्यञ्जनको अर्डर भयो । चाँडै बनाउन थालिन् । घडीको काँटाले जब नौ बजाइदियो तब उनको दिल धडकन थाल्यो- आफ्नो लागि पनि अनि नानीहरूका लागि पनि । नानीहरू अहिले कहीँ भोकै नसुतेका होउन् । सानो छोरो र छोरी दुवै सुतिसके होलान् । जागेको छ भने ठुलो चैँ । त्यो पनि उँघ्दै आमा आउने बाटो हेर्दै थाकिसक्यो होला । बाटामा धेरै ठाउँमा बत्ती थिएन । अँध्यारो छायामुनिबाट आउँदा डरले उनको दिलको धड्कन बढ्न थाल्थ्यो । त्यो गलीमा त्यसै त मवालीहरूको कमी थिएन ।

उनी जाँदै गर्दा बाटामा एउटा अफिसको गार्ड गेटबाट बाहिर निक्लेर उनलाई निहार्न था( त्थ्यो । एक दिन त्यस्ले भनेको थियो, 'मैडम तिमीलाई खाना बनाउन राख्न चाहन्छिन् । हिँड, भित्र बोलाइरहेकी छन् ।'
यो सुनेर उनले कुनै जवाब नदिइकन छिटो छिटो हिँडेर आएकी थिइन् । के थाहा कुनै दिन बाटो छेक्ला । मजबुर आइमाईलाई छेडछाड गर्न कति सजिलो हुन्छ ।
टेबुलमा कुनै सुरत व्यञ्जनहरू सजाएर उनी भागिन् । मूल सडकमा त उज्याला हाँस्तै गरेका बिजुलीका खम्बाहरू खडा थिए तर गलीमा त अँध्यारोको चाँदनी खनिएको थियो । त्यो उज्यालो अँध्यारोबाट हिँडेर जब उनी आफ्नो कोठाबाहिर पुगिन् र देखिन् केवल ठुलो छोरो मात्रै जागिरहेको छ बाँकी दुई दुईओटा कमलका कोपिलाजस्तै सिँढीमै निदाइरहेका थिए । उनले पटक पटक तीनैलाई चुमिन्, पहिले ठुलो चैँ लाई त्यसपछि निदाएका दुवैलाई ।
दोस्रो दिन बिहानै दाजुभाउजूको घरबाट लडाइँझगडाको आवाज सुनिन थाल्यो । सुनिता भन्दै थिइन्, 'आखिर तिमी उनलाई किन केही भन्दैनौ ? राति दश बजे ऊ कहाँबाट घर फर्किन्छे । कुन काम गर्छे कि यत्ति राति हुने गर्छ ? अनि यत्ति लत्ताकपडा लगाउँछे तिमी देख्दैनौ ? कहाँबाट लगाउँछे यत्रो ? तिमीलाई केही थाहा छ कि छैन ? केही भन्नु जरूरी ठान्दैनौ कि क्या हो ?'
दाजुको आवाज आयो, 'के उल्टा कुरा बोलिराखेकी ?'
'म उल्टा बोलिरहेकी छु ? तिमी त बाहिर रहन्छौ । त्यसैले जान्दैनौ ।'
'राम्रोसँग जान्दछु । ऊ पहिलेदेखि नै यस्तै कपडा लगाउँथी ।'
बिचैमा कुरा काटेर सुनिताले भनिन्, 'पहिलेदेखि नै लगाउँथी त के अहिले पनि लगाउँछे ? म भन्दै छु कि उसलाई देखेर यस्तो लाग्छ कि प्रेमजी रहेनन् ? न शोक न लाज ।'
'चुप लाग ।' आफ्नी पत्नीलाई हकार्दै थियो दीपाको दाजु ।
सुनिता फेरि बोल्न लागिन्, 'अरे, तिम्रो बुद्धि घाँस चर्न गएको छ । गएर सोध मान्छेहरू के भन्छन् उसका बारेमा ? हाम्रो छेउमा बसेर ऊ हाम्रो मद्धत गरिरहेकी छ । यदि उसलाई उसको चाल सुधार्नु छैन भने ऊ यहाँबाट जाओस् । कतै अन्तै गएर रहोस् । म हेर्न सक्तिनँ उसले त्यो कुबाटो हिँडेको । यदि तिमीलाई भन्नु छ भने भन नत्र म नै गएर भनिदिन्छु ।'
यो सब सुनेर दीपाको दाजु बौलाहा जस्तो भएर उसको कोठातर्फ लाग्यो । दीपा... दाजुको उग्र रूप देखेर डराइन् । उनको मुखबाट आवाज निस्किएन । उनी अपराधिनी भएर दिवारमा अडेस लागेर उभिरहिन् ।
'दीपा... यो के हुँदै छ ? कहाँ काम गर्छेस् तँ ?'
'दाजु, म हरिश निगम र कमलेशजीको घरमा खाना बनाउँछु । हिजो खाना बनाउँदाबनाउँदै ढिलो भयो त म के गर्नु ? हतारहतार घर फर्किएँ, त्यस बेला साढे नौ बजेको थियो ।'
'ल, ठिक छ । तर कामको लागि जाँदा खेरि केही राम्रो तरिकाले जाने गर्नू । बुझिस् नि ? तँ चाहन्छेस् तेरो विषयमा मान्छेहरूले उल्टासिधा कुरा काटुन् ? हामी चाहन्नौँ तेरो लागि हामीलाई मान्छेले हाँसुन् । बुझिस् नि ?'
त्यसपछि दाजुले चुप लागेर ठुल्ठुला आँखाले केही क्षणसम्म हेर्‍यो । दीपाले केही भन्न सकिनन् । आफ्नातर्फबाट कुनै सफाइ दिन सकिनन् । आँखा रसिला भएर आए अनि उनले सिर झुकाइन् ।

दाजु जसरी गर्जिंदै आएका थिए त्यसरी नै चम्किँदै निक्लेर गए । अर्को दिनबाट दीपाले अर्कै ठाउँमा घर खोज्न सुरु गरिन् । जसको छायामा बसेर उनी आफ्ना लागि र नानीहरूका लागि केही सुरक्षा र शान्तिको आशा गरिरहेकी थिइन्, उनी नै उनको बास उजाड्न बेचैन भएको थियो त उनी किन बस्नु त्यहाँ ? अलग्गै रहेर पनि सधैँ उनले र उनका बच्चाहरूले कुरा सुन्नु परिरहेको थियो । अब उनी टाढा जाने छिन् । चाहे त्यो कहीँ किन नहोस् ।

दीपालाई नयाँ कोठा चाँडै प्राप्त भयो । उनले दुईतीन बाकस बोकिन् अनि केही पोका बा(ँधिन् । ठेलामा सामान बाँधेर नयाँ कोठामा पुगिन् । यहाँ आएर जीवन धेरै तनावपूर्ण भयो । आफैलाई बिल्कुल एक्लो लाग्न थाल्यो तब छिमेकीहरूसँग मेलजोल गर्न चाहिन् । अब उनको सजिने सँवारिने उत्साह थाहा छैन, कतै हरायो ? सुनिताले यति धेरै बोलिसकेकी थिइन् कि उनका कोमल चाहनाहरू विरूद्ध अब कुनै राम्रो साडी देखियो भने अपराधबोध हुने गर्थ्यो । अब जुन साडीमा नानीहरूलाई नुहाउँथिन्, खाना बनाउँथिन्, उनीहरूलाई खुवाउँथिन्, तिनै कपडामा नानीलाई स्कुल पुऱ्याउन जान्थिन् र उतैबाट आफ्नो काममा । उनका मालकिनहरू अचम्म मान्थे कि किन दीपा हिजोआज यस्तो कपडामा आउने गर्छे काम गर्न ?

एक दिन कमलेशजीकी पत्नीले सोधिन्, 'के भयो दीपा ? स्वास्थ्य त ठिकै छ नि ! ठिकठाक देखिएकी छैनौ तिमी ? बिमारी छ्यौ कि कसो ?'

'होइन, होइन ! केही भएको छैन ।' छोटो जवाब दिइन् दीपाले । उनको अनुहार उदास थियो ।

फेरि एक दिन मिसेज निगमले कराइन्, 'के भयो दीपा ? यता देखिरहेकी छु केही दिनदेखि चुपचाप बसेकी छेस् र यही एउटा साडीमै आइरहेकी छेस् । के भयो ? पहिले त सधैँ साडी बदली बदली आइरहेकी थिइस् । अनारकली पनि लगाउँथिस्, तँ कत्ति राम्री देखिन्थिस् । अचानक के भयो तँलाई ?'

उनी केही बोलिन् ।

'तिम्रा नयाँ नयाँ साडीहरू कहाँ गए ? के ती साँचेर राखेकी छेस् ?'

'होइन काकी, म साँच्तिनँ । साँचेर के गर्नु ?'

'त्यसो भए ? के भयो ?'

दीपाले यसको जवाब दिइनन् । चुपचाप किचनमा गइन् ।

*(अञ्जना वर्मा समकालीन हिन्दी रचना परिदृश्यकी कवि, कथाकार एवम् गीतकार हुन् । यहाँका विभिन्न विधाका २१ पुस्तक प्रकाशित छन् । नीतिश्वर महाविद्यालय, मुजफ्फरपुर (बीआरए बिहार विश्वविद्यालय) की भुतपूर्व प्रोफेसर एवम् हिन्दी विभागाध्यक्ष वर्माले चौराहा पत्रिकाको सम्पादन एवम् प्रकाशन गर्नुभएको थियो । यहाँको साहित्यिक योगदानका निम्ति धेरै सम्मान र पुरस्कार प्रदान गरिएको छ । यहाँ हाल बेङ्लुरुमा निवास गर्नुहुन्छ ।*

(हिन्दीबाट नेपाली अनुवाद : वैद्यनाथ उपाध्याय)


**काठमाडौँमा शब्दाङ्कुर पाइने ठाउँ**

**अक्षरधाम प्रकाशन, बागबजार**

**सम्पर्क : ०१-५९२२७०७/९८६००५६०५२/९८५११५७१९३**

akshardhamprakashan@gmail.com | akshardham.com.np

लघुकथा

# महादेवी



सुनिता निरौलापौडेल

'यसलाई त आज म छोड्दिनँ !' हरिप्रसाद उफ्रेर श्रीमतीमाथि जाइलागे ।
'ऐया नि ! मरेँ बाबा ...' कोठाभित्रबाट रमलाको चिच्याहट सुनियो ।
पल्लो कोठामा आमा र भाइ दुवै जनाले त्यो दृश्य रमिताझैँ हेरिरहेका थिए ।
'मैले के गल्ती गरेकी थिएँ र ? बिहान उठेदेखि घरको सारा काम गरेकै छु । छोराछोरीलाई तयार पारेर स्कुल पठाउनेदेखि फुर्सदको बेला सबैको लुगा धुने कामसम्म गरेकी छु तर पनि किन यस्तो ?' उनले पतितिर प्रश्न तेर्स्याइन् ।
'अझै मुखमुखै लाग्छेस् ? खै, मटितेल कता छ ? आज त यसलाई आगो लगाइदिन्छु !' हरिप्रसादको आक्रोश झन् बढ्यो । रमलाको घरमा झगडा नयाँ थिएन तर उनले आफ्ना पीडा कहिल्यै कसैसँग पोखिनन् । एक दिन त अवश्य सबै ठिक होला भन्ने आशामै बाँचेकी थिइन् ।
'सबैका घरमा बुढाबुढीको झगडा हुन्छ भन्छन् तर मटितेल खन्याएर आगो लगाउनेसम्मको हर्कत... ?' आँखा रसिला पारेर उनले हरिप्रसादतिर हेरिन् ।
त्यसै बेला बैठककोठामा सबै परिवार भेला भए । भाइले श्रीस्वस्थानी परमेश्वरीको किताब खोले । वरिपरि सबैले फूल र अबिर हातमा लिएर कथा सुन्न थाले ।
कथाकै बिच रमलाले पतितिर हेर्दै भनिन्, 'महादेवले त पत्नी सतीदेवीलाई 'प्राणप्यारी' भन्दै, मरेको लास काँधमा बोकेर सारा ब्रह्माण्ड डुल्नुभयो । 'हा सति... हा सति...' भन्दै एक पल छाड्न सक्नुभएन ।' परिवार जिल्ल पर्‍यो ।
रमलाले फेरि बोलिन्, 'म पनि त उही सतीदेवीझैँ हजुरकी पत्नी हुँ तर यहाँ त जिउँदै जलाउने तयारी हुँदै छ । के महादेवको कथा सुन्ने कानले आफ्नै घरको चिच्याहट सुन्न सक्दैन ?'

(npsunita43@gmail.com)

लघुकथा

# सापटी



अरूणबहादुर खत्री 'नदी'

छोरीलाई टाउको दुखेर ज्वरो आएको थियो । औषधी किन्न पैसा नभएर राममाया छिमेकी भगवतीकहाँ सापटी माग्न पुगिन्, 'आज मेरी छोरीलाई टाउको दुखेर ज्वरो आएकोले औषधी किन्न हजुरकहाँ एक हजार सापटी माग्न आएँ ।'
'तिमीलाई हरेक दिन चुरोट खाइरहन सापटी माग्न आउनु नपर्ने । औषधी किन्न चाहिँ सापटी माग्न आउनुपर्ने । यो के चाला हो तिम्रो !' भगवतीले भनिन् ।
'चुरोट खान चाहिँ मैले सुशीलाको बुबाले जागिर खानुहुँदा कमाउनुभएको पैसा जोगाएर राखेको छु ।' राममायाले भनिन् ।'
'तिमीले आजैदेखि चुरोट खान छाड्ने भए सापटी दिन्छु नत्र दिन्नँ ।' भगवतीले भनिन् ।
'हुन्छ हजुर म आजैदेखि चुरोट खान्नँ ।' राममायाले भनिन् ।

लघुकथा

# चन्दाको कमाल

**दुर्गा पी. अधिकारी**
**(सिङ्ताम, पूर्व सिक्किम, भारत)**

हाम्रो गाउँमा आयोजन गरिएको भानुजयन्ती समारोहमा धनवीर दाजुलाई रामायण पाठ प्रतियोगितामा भाग लिन निम्त्याइएको थियो । उनी लय हालेर रामायण पाठ गर्नमा खप्पीस मानिन्छन् । शब्द स्पष्ट उच्चारण गर्छन्\ । गाउँमा कसैको बिहे भए उनलाई श्लोक गाउन निम्त्याइन्छ ।

कार्यक्रम सुरु भयो । मुख्य अतिथिद्वारा भानुभक्तको तस्बिरमा माल्यार्पण गरिसकेपश्चात्\ धनवीर दाजुलाई रामायण पाठ प्रतियोगिताका निम्ति उद्घोषक महोदयद्वारा मञ्चमा बोलाइयो । चिटिक्क परेर नेपाली पोसाकमा सजिएर हातमा रामायण र खटिया बोकेर मञ्चमा धनवीर दाजुको प्रवेश भयो । खटिया राखेर त्यसमाथि रातो रुमालले बेरिएको रामायण राखे अनि बिस्तारै खोलेर रामायण पाठ गर्न लागे ।

धनवीर दाजुको स्वर, लय र भाका सुन्दा सबैले ताली बजाएर वाह ! वाह ! गरे ।

धनवीर दाजुको रामायण पाठ सकिएपछि एक जना हेर्दा भद्रभलादमी देखिने महानुभावलाई मञ्चमा अर्का प्रतियोगीका रूपमा निम्त्याइयो । उनी पूर्ण रूपमा नेपाली पोसाकमा थिएनन्, खालि शिरमा ढाका टोपी मात्रै लगाएका थिए । रामायण पाठ सुरु गरे । शब्दहरू अक्मकिँदै उच्चारण गर्न थाले । न लय, न भाका !

यस्तै यस्तै गरेर धेरै प्रतियोगी आए । कसैले पनि धनवीर दाजुको जस्तो लय र भाकामा रामायण पाठ गर्न सकेनन् ।

समारोहको अन्तमा रामायण पाठ प्रतियोगिताका निम्ति फलाफल घोषणा गरियो । प्रथम स्थानमा ती भलादमी देखिने महानुभावको नाम आयो । द्वितीय र तृतीय स्थान पनि अन्यले नै ओगटे । धनवीर दाजुको नाम आएन ।

बुझ्दै जाँदा रामायण पाठमा प्रथम हुने भलादमी महानुभावले भानुजयन्ती समारोहमा मोटो रकम चन्दा दिएका रहेछन् । अरू दोस्रो र तेस्रो स्थानमा पुरस्कृत हुनेहरूले पनि निक्कै मोटो रकम चन्दा सङ्कलन गरेर बुझाएका रहेछन् । धनवीर दाजुले चन्दाको नाममा फुटेको कौडी दिएका थिएनन् ।

(premneopaney222@gmail.com)

काठमाडौँमा शब्दाङ्कुर पाइने ठाउँ
पुस्तक सेन्टर
**अद्वैतमार्ग (आरआर क्याम्पसको ठिक पछाडि), बागबजार**
**०१–५३६६७८० ९८४१–३६७७६२**

निबन्ध

# साइवर संहिता



माधव काफ्ले

रहरै रहरको खातमाथि
वासलातहीन एउटा छेपारे रहर
जुरुक्क उचालिन्छ
निस्तेज पाहाभैँ पिलिक्क हेर्छ
र समय विम्बलाई साक्षी राखी किनारामा
निर्दोष छातीमाथि चढेर
दाइँ गर्न थाल्छ
अनि हल्लुँडको गन्ध टक्टक्याउँदै
लुत्रुक्क परेर उसका निशाचरीय आदेश
मुखमा हाल्न थालेको गाँस थाती राखी
तामेली गर्न पटुका कस्न थाल्छु ।

परिवर्तनको राँको बोकेर विद्युतीय उपकरणहरू बस्ती बस्ती चहार्न थालिरहेको देख्न थाल्छु वरपर । मोहनी मुस्कान छरेर गाउँ गाउँ छिर्न थालिरहेका हुन्छन् । आकर्षणका सहस्र चमक छरेर घर घर पस्न हतारिन्छन् ।

तिनीहरूको भिल्के आवरण, बहुरङ्गी आकृति र अनधिकृत हस्तक्षेपले लठ्याउँदै लगेको संचेतना सञ्जालभित्र छिर्दै जान थाल्छन् । मेरो लाचार अस्तित्व टोल्हाउनुभन्दा पनि बर्बराउन थालेभैँ गर्दै पछ्याउन थाल्छ ।

अध्ययन संस्कृतिलाई बेस्मारी हुँडलेर थिल्थिल्याउँदै जान्छ भन्ने कुरा बुझेर पनि, सनातनी सोचको जगमा उकेरा लगाउँदै बुर्कुसी मार्न उद्यत रहेको देखे पनि, त्यसको मात र धङधङीले आक्रान्त बनेर बटारिएको सोचलाई च्यापेर निकै दिनसम्म निस्ता सपना चपाउँदै देखेको नदेखेभैँ गरी सडक नाप्तै हिँड्न खोजे पनि थिग्रिएर सतहमा धेरै दिन टिक्न सक्तिनँ ।

मेरा चिन्तनका, चासोका जठराग्निहरू
भष्मीभूत भएर लम्पसार पर्दै जान थाल्छन्
र, परावलम्बित संचेतनाको गहुँत
सुस्त्प पार्दै चोखिन खोज्छु ।

एउटा चासो, एक फाँकी खुल्दुली र एक मुठी जिज्ञासाका ज्वारभाटाहरू एकतमासले मानसिकतामा छचल्किँदै गए । निकै समयदेखि कयसमा राखेर थुम्थुम्याउँदै आएको मनलाई अँचेटेर यथास्थितिमा ल्याउन सकिनँ । नजानिँदो पाराले एक दिन कसैले देखि पो हाल्छ कि भनेभैँ गरी छेलिएर छलिएर होलसेलमै लुसुक्क छिर्छु ।

थाहा छ मान्छे ज्ञानी, गुणी हुने एउटा भरपर्दो माध्यम अध्ययन हो । अध्ययनको जगमा टेकेर धेरै लोकोपकारी विचारकले संसारलाई अँध्यारोबाट उज्यालोतर्फ लैजान अजम्बरी योगदान दिएका छन् ।

प्रगतिका प्रत्येक पदचापलाई पछ्याउँदै गएको छ मान्छे

कतै छलाङ मार्ने दीक्षा प्रजनन गर्दै अर्काको छेपारी खुस्काइँदै छ
रेटेर निर्दोषको गर्धन जलाहारी चढाउन हिँडेका छन् कोही
कतै आदर्श बेचेर केही थान भेडाहरू संरक्षण गरिँदै छ
मुण्डमालाधारीहरू विधिको बिरासत जोगाउन उद्यत हुँदै गएका छन्
टुप्पी काटेर हिँड्नेहरू
जनै चुँडाएर हिँड्नेहरू
संस्कार च्यातेर हिँड्नेहरू
परम्परा चिथरेर हिँड्नेहरू
निर्दोषको आलो रगतले ओठ भिजाउँदै हिँड्नेहरू
गुरु, प्रशिक्षक, पुजारी, मठाधीश र मदारी भेष धारण गरी
हिँडिरहेका छन् अभियन्ता बनेर ।

तिनीहरूको व्यभिचारी छाया, बार्बरिक दर्पण र रक्तरञ्जित जुगुप्साभित्र गुम्सँदै आएका एक अँगालो बेसम्हार अमिला फिराद र त्यसैको पार्श्वछायामा साक्षी बनेर सनाखत गर्न उद्यत विचार शृङ्खलाका तिता हरक स्क्रिनभरि फिँजिएर आउँछ र चारैतिर छरिन थाल्छ । त्यसको सन्निपाती पिराहा गन्धले निसासिँदै जान थालेपछि प्राप्तिविहीन, पहुँचविहीन ऐँठनको अरिमोठे गाँठो सुमर्दै म एक्कासि झसङ्ग हुन पुग्छु । पेट हुँडलिन्छ र पनि वाकवाकी गर्दै बमन गर्न सक्तिनँ । अमन भएर पनि अमलेख हुन सक्तिनँ । किर्ते कथनका अतिरञ्जित प्रवचन शृङ्खलाले दर्फन्याउँदै लगेको मानसिकता, टट्टाएको मनोभाव, भबाएको चेतना लर्बरिन थाल्दै लल्याकलुलुक हुन पुग्छ । एउटा नग्न नर्तकीको छायामा अडेस लागेर थिग्रिन खोज्छ । अनि आवश्यकताका अनमोल ज्ञान शृङ्खलाहरूलाई छपक्क छोपी अन्तर्यमा टुसाउन खोज्छ शृङ्गारिक मोहजाल ।

अक्षर मोह र किताब उरूङको विक्षिप्त मनोदशाले कहिलेकाहीँ मनोभाव पाछ्तै गएपछि म अलि बहकिन थाल्छु । पण्डित्याइँको पाञ्चजन्य फुकेर कुर्लिनु दिङमिङ लागेर आउँछ । फेरि खासै ज्ञान, विद्वता र सिप भएर पसेको थिइनँ त्यहाँ । जानेको पनि केही होइन र जान्न खोजेको पनि केही थिइनँ । केही सिकौँ भन्ने जुगुप्सा भर्भराएर धपक्क बले पनि मनभित्र सङ्गत र सङ्गतिलाई उछिनेर फड्को मार्नै सक्तिनँ । जहिले पनि लाइक, कमेन्ट र सेयरका गलपासोमा फनफनी बेरिएर उम्कन खोज्दा नखोज्दै दिन ढलेको र शरीर लोलाउँदै जान थालेको पत्तै पाउँदिनँ ।

फगत काँचा, कट्मिरा, काइते भङ्जाहा रहरहरूका पाइटे अनुरागहरूको बलमा एकसरो परिभ्रमण गर्दै जाँदा सारहीन विसङ्गतिहरूको कोलाजमा कोरिन पुग्छु । रङैरङको बिरासतमा रङ्विहीन छुचुन्द्रो एक छिन चुइँकिन्छ, चर्पटाउँछ र गन्तव्य नभेटेपछि कुवालाई नै संसारको ठुलो उपलब्धि ठानेर त्यही सङ्कीर्ण घेराभित्र फनफनी नाच्न र घुम्न थाल्छ । टर्टराउने आवाज टर्रो र धोद्रो भएको हुनाले केही मात्रामा दार्शनिक हुन खोज्ने पाँडे प्रपञ्चबाट जोगिन सकेको छु र मात्रै नत्र भने मेरो हविगत पनि पखेटा तानेको अपाहिज झिँगाको भन्दा कम दयनीय हुने थिएन ।

स्क्रिनको रङ्गीन कलेवरले मलाई बिसौँ शताब्दीबाट टिपेर बाइसौँ शताब्दीको सेप्जिलो अभिश(ापित कुनातिर मिल्काइदिन्छ । दागैदागका खत र खोपिल्टाले निसासिने गरी छोप्तै आएको हुन्छ अतीत । यथास्थिति समाएर थिग्रिन खोज्छु त्यहाँ त्यो स्थिर गरेर टिक्नै सक्तैन । बेसंहार

परिवर्तनका ज्वारभाटा उरालेर ऊ बेलगाम दौडिन्छ । भविष्य म बुझ्न सक्तिनँ । प्रयोगशालाबाट प्रत्यारोपण गरिएका आँकडामा अनुवाद हुँदै जान थालेका आकृतिहरू एकादेशका कथाजस्तै भर्भराएर आउँछन् । बर्बराएर आउँछन् । तिनीहरूलाई पछ्याए म धेरै पर पुग्न सक्तिनँ । सजीवलाई निचरेर हल्लाउन सक्ने सामर्थ्य बोकेका निर्जीव पराकम्पनहरू जागाज्योति बनेर घाट घाटमा कुरी बसेका हुनाले पनि गुणदोषलाई किनारामा नै टक्टक्याएर म लुसुक्क लुम्रे चालले त्यहाँ छिर्न पुग्छु । मेरी बास्सै ! के के न बापती बिगार गरेर आएको पातकीलाई खियारे जस्तै गरी ऊ मलाई पाइलैपिच्छे दपेट्न थाल्छ । भाषाको अज्ञानताले छेपारी खुस्काएर निचर्दै लगे पनि लोसो र ज्याद्रो बनेर ह्याकुलो जोत्न पुग्छु । म त्यहाँ छिरेको ऊ त्यति मन पराउँदैन । त्यहाँ नछिरे सास रोकिएला जस्तै हुन्छ । त्यसमा पनि मभन्दा कति कमजोर ज्ञान गुण भएका माइका लालहरू सिद्धार्थ बनेर प्रवचनमा समाहित हुँदै गएको देखेपछि मन थाम्न सक्तिनँ र मुख चुठेको हात कमिजको बाहुलाले चुस्स पुछ्तै सर्जमिन तहकिकातसितै सनाखत गर्न पुग्छु ।

घोडा खच्चरहरूलाई खर्कमा थुपारेर साइकल बाइक हुँदै मानिस अगाडि बढिरहेछ । फुसका घर मुण्डन गरिएका छन् । गोठ, खलङ्गा, घुऱ्यान आदि उत्खननमा परेका छन् । खेत, खलिहान घडेरीमा आवाद गुल्जार हुँदै कङ्क्रिट फलाइरहेछन् । फडानीमा पर्दै गएका बारीका उब्जाउ पाटाहरूमा पिच फलाइँदै छ र त्यसको चुलीमा वाइफाइको लिङ्गो गाडेर देश दुनियाँ सुघ्न खोजिँदै छ ।

कतिको खेतखलिहान चुसेर, कतिको नाककान लुछेर, कतिको घाँटीनाडी बुच्याएर, कतिको घरघडेरी, हलगोरु र लैनो भैँसी निलेर समरो हुँदै उग्राइ आए तापनि अहिले प्रगति मापनको अग्लो अग्लो धरोहर आइफोन बन्न पुगिरहेछ । ज्ञानलाई, गुणलाई, चेतनालाई, विद्वतालाई, सिपलाई, शिक्षालाई एकलौटी गोर्ख्याएर परिभाषा गर्न सक्ने विपुल ज्ञानराशिको स्रोत बन्न पुगेको हुनाले पनि धेरै थरी अपाहिज मानिस यसैमा समाहित भएर गाँड कोतराकोतर गर्न थालिरहेछन् ।

सिक्नेले कति सिक्छ थाहा छैन, बुझ्नेले कति बुझ्छ त्यसको आँकडा छैन । जान्नेले कतिसम्म जान्दछ यकिन गर्न सक्तिनँ । प्रयोगकर्ताले गरेको उधुम वेदवाणी लाग्छ जतिसुकै छिचरो स्तरमा अनुवाद भएर पनि सामान्य स्तरको मनुष्य विपुल ज्ञानराशिको कुटुरो खोल्दै अज्ञानताको वैतरणी तार्ने अभिभारा बोकी सबैलाई मोक्ष तुल्याउन उद्यत हुँदै आएको छ ।

ऊ कहिले महावीरको पछि लागेर जिससलाई पछ्याउन थाल्छ । बुद्धलाई ढालेर मोहमदलाई चिनाउन खोज्छ । रामलाई लखेटेर सुपर्णखालाई भित्र्याउन खोज्छ । हिन्दुत्वलाई मठारेर यहुँदीलाई मुसार्न थाल्छ । इस्लामलाई मलजल गरेर अहिरलाई हुर्काउन थाल्छ । देवताको पूजा गरेर दानवको आरती उतार्छ । वेदलाई सरापेर बाइबललाई ढोग्न थाल्छ । अर्गानिकको राग उराली वर्णशङ्कर बीज प्रजननको प्रारूप तयार गर्न खोज्छ ।

मान्छे बिगार्ने गन्तव्य एउटै छ तर बाटा सहस्र छन् । मुकाम एउटै छ माध्यम अनन्त छन् । साधन एउटै छ तर स्रोत अनगन्ती छन् । अनि उपादानका रूपमा अग्लो चुचुरोमा चढेर एउटा छुचुन्द्रो अस्तबलको तुजुक सुँघेर हातीलाई प्रवचन दिन थाल्छ ।

सायद अतीततर्फ फर्केर हिँड्नु त्यति श्रेयस्कर होओइन् ।

सनातनी होइन डरले अतीत बिर्सेर, पुछेर र मिचेर हिँड्न पनि मन लाग्दैन ।

मक्किँदै गए पनि अतीतले गाडेको आदर्शको मियो संचेतनाभन्दा निकै अग्लो र सुरिलो बनेर

ठडिएको छ छातीमा । त्यो रुमानी भावभूमि हठात् त्यागी नवीनताको वकालत गर्दै छलाङ मार्न त्यति उपयुक्त नहोला । उन्नति र प्रगतिप्रति कुनै फिराद छैन तर समृद्धिले वरण गर्ने सबै उत्कण्ठा र उपादानहरू हितकर नै हुन्छन् भन्ने कुनै ग्यारेन्टी होलाजस्तो लागिरहेको छैन । प्राकृतिक अवस्थामा मानव जातिले मानव जातिको कल्याण गरेको मिथ सापेक्ष बन्न पुगेपछि र मेसिन निरपेक्ष भएर मानव जातिलाई मानवताको गुण र महिमा बताउँदै उद्धार गर्न तम्सेको र त्यसैको पछाडि संसार झुम्मिँदै गएको देखेपछि एक्कासि छाती चरर चिरिन थाल्छ ।
मानवमा हुने ठुलो गुण संवेदनायुक्त संचेतना पनि हो । अहिले त्यो राजशी गुण गुगल केन्द्रित हुँदै मानिसको सांवेगिक मतिलाई ताछेर, खुर्केर र मठारेर महिमामण्डित पार्न खोज्दै छ । विद्याको बल अध्ययन र अध्ययनको जग शोध, सिर्जना, अभ्यास-आराधना हुँदै आएको नजिरलाई ठनक्क भाँचेर गुगल अहिले भुक्त र भोक्ता दुवै बनेर चम्किन खोज्दै छ । त्यसको सेप र सुसेलीमुनि बसेर संवेदनाको आहुति हालेर विषादका लामा सुस्केरा निकाल्नुपर्दा अनायास मन भरङ्ग भएर आउँदोरहेछ । पुग्नु त मलाई धेरै परसम्म छैन । अस्ताचलतिर लागिसकेको मान्छेलाई लाउनु के र फुकाल्नु के भनेझैँ सँगाल्नु पनि केही छैन, बिगार्नु पनि केही छैन । यत्ति लाग्छ साइवर संस्कृतिको अभिशापबाट सकुशल मुक्त हुन पाए जति दिन बाँच्न सकिन्छ त्यति आत्मसन्तोषले सजिलै निर्धक्क बाँच्न सक्ने छु ।

मुक्तक

# मुक्तक

**श्यामकृष्ण मास्के**

चोट सहँदा सहँदा थाकिसकेँ ।
शरीरभरि चोटको डाहा मरिसके ।
अब पनि जति चोट दिन्छौ देऊ प्रिय ।
चोट दिने हात दुख्ला तर घाउ दुख्न छाडिसके ।

माया साट्न किन प्रणय दिवस पर्खनुपर्छ ।
मन परेपछि माया त साटेर देखाउनै पर्छ ।
माया साट्ने नाममा सबै साट्ने नगर्नुस् ।
एक चाहिँ बाँकी राखेर विवाहपछि सरप्राइज दिनुपर्छ ।

घामको पहिलो किरण सिरानीमा ।
मस्त निद्रा छ आनन्दी मनमा ।
चिन्ता नलिनुस् जस्तै पनि दुःखमा ।
एक दिन मरिजाने जिन्दगीमा ।

# मधुगङ्गामा चुर्लुम्म



**धनमाया राई**
**(सिन्धुलीमाडी)**

'भोलि साँच्चै जाने हो त गौरवका बाबा ?'

'कसले पो ख्यालठट्टा गर्दो हो !'

'बाटो देखेको छैन, कसरी जाने त हजुर ?'

'म लैजाउँला, बाटो जसले पनि बताइदिइहाल्छ नि ।'

'गौरव ! तिमीहरू दुई जना पनि हिँड न ल ?' मैले बुहारी नानीतिर पुलुक्क हेर्दै छोरालाई भनेँ । बुहारी अनुले जाने आशयका साथ पुलुक्क गौरवतिर हेरिन् ।

'मेरो रामेछाप जानु छ आमा ! नत्र जान्थ्यौँ ।' छोराले भन्यो ।

बेलुकीको भोजनको समयमा भएका संवाद हुन् यी । बिहानै नुहाइधुवाइ सकेर नित्य पूजा थाल्नुभयो गौरवका बाबाले । घरधन्दा गर्दै थिएँ म पनि, अनु नुहाउन झरिन् र भनिन्, ' हामी पनि जाने ।'

'अनि गौरव रामेछाप नजाने हो र ?' मैले सोधेँ ।

गौरवले भन्यो, 'आमा ! गाडी पनि बिग्रेको छ रे, अब भोलि जाने उता । तिमी ढिलो गर्छ्यौ, कति बेला जाने हो ?'

'आठ भनेको नौ बज्ला ।' भनेर म छिटो छिटो पूजासामान तयार गर्न लागेँ । साँच्चै बिहान नौ बजे हामी दुई जना स्कुटरमा र छोराका दुई जना बाइकमा गरी चार जना मधुगङ्गा महादेव दर्शनका लागि निस्कियौँ तर बाटो हामीहरूका लागि अपरिचित थियो । उक्त मन्दिरमा जाने बाटो दुईतिरबाट छ भन्ने जानकारी पाएका थियौँ । एउटा तीनपाटन गाउँपालिका हुँदै र अर्को भिमान रानीबास हुँदै दुधौली नगरपालिका भएर । हामीले तीनपाटन गाउँपालिका हुँदै जाने निधो गर्‍यौँ ।

कमलामाई नगरपालिकाको स्थानीय पाठ्यक्रममा समेटिएको सिन्धुली जिल्लाको दुधौली नगरपालिका वडा नं. २ अन्तर्गत पर्ने पवित्र धार्मिक तथा सांस्कृतिक स्थल 'मधुगङ्गा महादेव गुफा' हामी पहिलोपटक जाँदै थियौँ । तीनपाटन बेलघारीसम्म त अनुबाहेक हामी तीन जना पुगेकै थियौँ । त्यहाँ पुगेपछि कसैलाई सोधौँला भन्ने अठोट गरी बाटो लाग्यौँ ।

कालीमाई कमलालाई सादर प्रणाम गर्‍यौँ अनि माझीटारको उर्गेन छोइलिङ गुम्बालाई दायाँ पारेर लाग्यौँ पूर्वतिर । हुस्सुले घुम्टो उघारेर घमाइलो दिनको सङ्केत दिँदै थियो तापनि चिसो सिरेटोले आफ्नो धर्म छाडेको थिएन । सरर चिल्लो बाटोमा एकै छिनमै हामी गडौली पुल पुग्यौँ । २०४७ साल साउनमा प्रवेशिका परीक्षा उत्तीर्ण भएर कहिले खुसी साटौँ भन्दै नतिजा निस्केपछिको पहिलोपटक असोजमा ठुल्दाइ-भाउजूसहित लहानदेखि सिन्धुली आएका थियौँ । चिप्लो र ओरालो बाटो, बर्दिवासबाट नै सिमसिमे पानी परेकोले यात्री चढ्दा र झर्दा हिलैहिलो । कारेघोप्टेको ओरालोमा पनि गाडी फसेर सबै यात्रु ओर्लिएर ठेल्दा ठेल्दा गरी निकालेर आएको । ठुलो मालबाहक 'टडक'को मझेरीको बसाइ, सामान र यात्रु सँगसँगै

हल्लिँदै र ठोकिँदै अब त घर आउन लाग्यो भनी खुसी हुन लाग्दा फेरि यहीँ, हाल गडौली पुल बनेको ठाउँको खोलामा ट्रक फसेर भोक र थकाइले व्याकुल हुँदै राति आठ बजे राममाढी आइपुगेका थियौँ हामी । अहिले त कतै कतै कच्चीबाहेक पक्की बाटो हुनाले आधा घण्टामै कमलामाई नगरपालिकाको वडा नं. ११ को थरहरी भन्ज्याङ पुग्यौँ । २०४५ सालमा म यही बाटो हिँड्दै बेलघारी गएकी थिएँ । अनि कच्ची बाटो हुँदा एकपटक भीमथान ।

ओहो ! रोपाइँ गर्न तयार पारेजस्तो दगदग हिलो पो हुन्थ्यो त यो बाटोमा । ज्यादै अप्ठ्यारो । यताको पक्की बाटोमा यस्तो सजिलो त पहिलो यात्रा हो मेरो । पहिले र अहिलेको तुलना गरेर के साध्य हुन्थ्यो ! थरहरीमा खाजा खाने होटल र पसल बाक्लै थिए । हामीलाई केही खानु थिएन । त्यसैले सरासर हिँडिरह्यौँ अनि केही छिनमा झर्‍यौँ धमिले खोला । पुल तरेपछि बाटोको छेउछाउ हलक्क बढेका मकैका बोटहरू देखिए । कतै तरकारीका टनेलहरू पनि । खोइ टमाटर फलेका ? फ्यात्त बोटै पो कुहिएका रहेछन् । यसपटक टमाटरको भाउ राम्रो छ तर हुस्सुले देखिसहेन । तुसारो नै दुस्मन बनेर निस्कियो र त किसानले उत्पादन गर्नै सकेनन् । बिचरा किसान ! सधैँ मर्कामा, दुःख गरेर फलायो भाउ छैन, कहिलेकाहीँ फल्दैफल्दैन । कतै कतै पहेँलै फुलेका तोरीबारी अनि कतै आलुका कल्कलाउँदा बोटहरू । पहिले पहिले त माघ पन्ध्र भएपछि पो मकै छर्ने सुरसार हुन्थ्यो, गहुँ पाकेपछि चैत-वैशाखमा पनि मकै छरिन्थ्यो र साउनमा रोपाइँ हुन्थ्यो । अब त जुनसुकै मौसममा उपलब्ध हुने हाइब्रिड मकैको बिउ । फल्न चाहिँ फल्ने, न खानामा तागत न त स्वाद । के गर्नु बिचरा ! किसानले बढी उत्पादन नगरे त व्यपहार टार्न कसरी सक्थे र ?

अप्ठ्यारा दुई घुम्ती छिचोल्दै वर्षायाममा गहिरो, दह्रो र ठाडो खोलो जिर्गाको पुल तरेको केही समयमै सलल बग्ने चँदाहा खोलाले स्वागत गर्‍यो हामीलाई । चँदाहा पुल देख्नासाथ मलाई ०४५/०४६ सालको झल्याँस्स सम्झना आयो । बेलघारीबाट तत्कालीन जिल्ला सभापति नर्वदा घिमिरे दिदी महिनामा दुईपटक धन्न कसरी हिँडेर सिन्धुली सदरमुकाम आउनुहुन्थ्यो होला चारपाँच जना पाका उमेरका दिदीबहिनीसँग ? त्यसैले त सधैँ आधा रात हुन्थ्यो नि आइपुग्दा । न अहिलेजस्तो मोबाइल फोनको सुविधा थियो आउँदै छु भन्नलाई । कहिले ‘ जिर्गाले थुन्यो त कहिले चँदाहाको वारपार बाढीले एक घण्टा रोक्यो’ भन्नुहुन्थ्यो । खानपिन गरी पोतिसकेको चुलो फेरि फुक्नुहुन्थ्यो हाम्री ठुली भाउजू र फेरि तयार हुन्थेँ म धन्दा गर्न । चँदाहा तर्नासाथ त आइहाल्यो नि बेलघारी । अँ साँच्चै, यतै कहाँनिर पो थियो नि दिदीको घर ? उफ् … ! कच्ची बाटो सुरु हुनासाथ फेरि मस्तिष्क हल्लिन थाल्यो । जानु त परिगो जसरी भए पनि ।

केही बेर गुडेपछि शाखामाढी पुग्यौँ । फेरि जोरबाटोबाट गौरव खोलातिर लाग्यो । हामी पनि पछि लाग्यौँ । बाटो छैन, घुमेर गाउँतिर पो आइएला जस्तो । म ओर्लेर केही अगाडि गएँ, घर पनि छैन । अलि पर एउटा गोठ रहेछ मान्छेविनाको । अझै पर खेतमा काम गरिरहेका दुई जना भाइसँग बाटो सोधेँ, बाटो त त्यही रहेछ । हेर्दा सानो र नपत्याउने खालको देखिने बाँसको घारीबाट छिर्नुपर्ने हुनाले हामी अलमलिएका रहेछौँ । जाँदाजाँदै लङ्गुरखोलाको पुल तर्ने बेलामा गौरव पुलतिर लाग्यो । त्यहाँ दुई-तीनओटा पसल र छेउमा चार-पाँच जना मान्छे देखिए । हामी केही पछि थियौँ । बाइक फर्काएर गौरवले सानो बाटो समात्यो, हामी पनि पछि लाग्यौँ । चिप्लो बाटो, कुलो, खेत हुँदै अगाडि जोरबाटो । गजधम्म परेर बसेको

भित्तो र एउटा उकालो पो आयो । हामी दुई दोबाटोबाट अलिक परसम्म ठाउँमै रोकियौँ । गौरवका दुई जना भने चढे माथि । लु, अब हामी त जान सक्दैनौँ । म ओर्लिएँ र सोधपुछ गर्न वारिपारि आँखा डुलाएँ । नजिकै घर थिएनन् । खेतको पारिपट्टि सानो झुपडीमा ससाना तीन जना नानीहरू देखिए ।

'ए, नानीहरू ! तिम्रा ममीबाबा खोइ त ?' खै ! के भने पटक्कै बुझेको भए पो ! त्यसभन्दा निकै पारिको घरमा अधबैँसे मानिस देखा परे । मैले ठुलो आवाजमा सोधेँ, 'मधुगङ्गा जाने बाटो यही हो भाइ ? मास्तिर कि तेर्सो ?'

'कालीखोला जाने हो र ?' प्रतिप्रश्नले म झस्किएँ ।

'कता हो नि फेरि कालीखोला ? 'मधुगङ्गा' जाने भनेको ।' मैले ठुलै स्वरमा फेरि सोधेँ ।

'एउटै हो जे भने पनि, पुल तर्न छोडेर किन घुमेको होला नि अप्ठ्यारो बाटो ?' उल्टै पिरोलिँदै कराए र 'तेर्सो बाटो जानू' भनेर देखाइदिए । छोरालाई फोन गर्छु लाग्दैन, त्यो कोप्चोमा । उनीहरूले पनि ती भाइसितको हाम्रो दोहोरो संवाद सुनेछन् र माथि पुगेर ओरालिए । अनि पुनः अघि लागे । वर्षाको समयमा खोलो बाढी आउँदा हिँड्ने बाटो पो देखाइदिएका रहेछन् अघि भेटिएका निठुरीहरूले । म स्कुटरबाट ओर्लेर खुरूखुरू हिँडेँ । मान्छे हिँड्ने गोरेटोमा घिस्रिँदै बल्लतल्ल बिस्तारै बिस्तारै कटाउनुभयो त्यो अप्ठ्यारो । भुतुक्क भएर निस्कियौँ दोबाटोमा । सिधै जाँदा पाँच मिनेटमै कटिने बाटो पच्चिस मिनेटसम्म त्यतै घुमिरह्यौँ । फेरि सुरु भयो उकालो । अब मेरो मनमा चिसो पसिहाल्यो । मेरो काम त यहाँ पनि खलासीको नै हुने होला भनेर । होसियारीपूर्वक उक्लिँदै थियौँ हामी, धुलोमा कोल्टे परिहाल्यो स्कुटर । हत्त न पत्त खुट्टा भुइँमा टेकिहाल्यौँ । दुवै जना झरेर थेग्दाको जात्रा । अनि त म केको चढ्थेँ र ! बरु हिँड्नै सजिलो । कतै गर्गरे ढुङ्गाको उफ्राइ त कतै शीतले लफ्रक्क भिजेको चिप्लो बाटो, लौ ! कहिले अघि कहिले पछि गर्दै डाँडामा निस्कियौँ । तीनपाटन र दुधौलीको सिमाना रहेछ त्यो डाँडो । त्यहाँबाट फेरि त्यस्तै ओरालो । चढ्ने र झर्ने क्रम उस्तै थियो । अन्तिमपटक बाँसघारी र वनकेराको घारी अनि चिपचिप पानी भएको खोल्सीमा ओर्लिएर चढेपछि नओर्लिकन नै हामी ठ्याक्कै पौने एघार बजे मन्दिरको फेदीमा पुग्यौँ । गोठमा काम गर्दै गरेकी मेरै उमेरकी बहिनीसँग मैले सोधेँ, 'अझै कति समय लाग्ला माथि पुग्न ?'

पन्ध्र मिनेटमा पुग्ने जानकारी पाएपछि हामी चारै जना पैदल यात्री भएर गफिँदै र थकाइ मार्दै उकालियौँ ।

म, 'अघि कस्ता उमेरका मान्छे थिए हँ पुलमा ?'

गौरव, 'दुई जना हामीजस्तै केटा र दुई जना त पाकै मानिस थिए ।'

म, 'किन तिनीहरूले सिधै बाटो नदेखाई अप्ठ्यारो घुम्तीतिर पठाएर हामीलाई हैरान गराएका होलान् है ?'

गौरव, 'खोइ ! यताको बाटोमा पानी छ उताबाट जानू, भने ।'

'ल, भैगो फर्कंदा त्यतैबाट जाउँला ।' भनेँ मैले ।

जङ्गलको बाटो हुँदै मन्दिरतर्फ उकालो बाटो चढ्दै गर्दा बाटोको दायाँबायाँ देखाउँदै गौरवका बाबाले भन्नुभयो, 'ओहो ! कत्रा कत्रा नाम्लाफेरे सखुवाका रूख ! हामीले यस्ता रूख कहाँ देख्न पाउनु ।'

हामीले पनि त्यत्रा रूख नदेखेको त बर्सौं भइसकेको थियो । लहरैलहराको भारले नुहेका

पोथ्राहरू, ढकमक्क फुलेका फूलखरूकी र लरक्क काँचै खाऊँ जस्ता धँगेरोका डालीहरू देखेर एकपटक फेरि २०७० सालको आगलागीमा परेका आफ्ना १३ ओटा अति प्यारा खसीबाख्राको सम्झनाले आँखा धमिलिए मेरा । 'आहा ! बाख्राले खाने कति राम्रा स्याउला !' फुत्किहाल्यो मेरो आवाज !

'यतै बसे भैगयो नि बाख्रा पालेर' रे गौरवका बाबाचाहिँ ।

'लौ न हजुर, बन्दोबस्त मिलाएर यतै राखिदिनुस् ।'

'ख्याल बस्दिनस् यहाँ ! कतै गएर एक छिन अडिने होइन ।' यसरी दोहोरो ख्यालठट्टा गर्दै, हाँस्दै र रमाउँदै हिँड्ने मौका कहाँ मिलेको थियो र हामीलाई ? भर्खर विवाह भएका बेला एकदुईपटक बाहेक । अनि त बालबच्चा गोल्याँसो पारेर खुर्कोट र सिन्धुली प्रायः आफू एक्लै हिँड्नुपर्थ्यो । उहाँ बिरामी भएका बेलामा बल्ल भेट हुन्थ्यो अनि कता ठट्टा गर्नु ! उफ् ... ! ती दिनहरू सम्झिँदा त भक्कानो फुटेर आउँछ, थचक्क बसेर ग्वाँग्वाँ रून मन लाग्छ मलाई । त्यति बेला त मनलाई मसक्क कसेर 'हुँ यात्री यौटा रूमल्ली हिँड्ने अँधेरी रातमा..., हुँ यात्री यौटा कहानी लेख्ने जङ्गली पातमा ... !'

यस्तै छताछुल्ल भावुकता पोखिएका गीतका शब्दसँगै आँसुका धाराको मौन सङ्गीत र ओठको थरथराहट सुसेल्ने मेरा निम्ति आजको यो अपूर्व संयोग अत्यन्तै अविस्मरणीय पल बनेर हृदयको कुनामा सुरक्षित हुन पुग्यो । हर्षविभोर हुँदै मैले गीत गाएँ 'यो यात्रा सुनौलो अनि साथ तिम्रो ... !'

छोराबुहारीले भिडियो खिचिदिए । हात समाउँदै मग्नमस्तीले उकालिइरहँदा मलाई बाटो अझै लम्बिरहोस् भनेझैँ लागेको थियो । भोकतिर्खा त कता हो कता ! सधैँ ठाकठुक परेजस्तै देख्ने हाम्रा केटाकेटी पनि आज हामीलाई देखेर लजाएझैँ गर्थे । म आफै पनि लजाएकी थिएँ आफ्नैहरूसँग र आफैसँग ।

हेर्दाहेर्दै उकालो बाटो कटेको पत्तै भएन । गन्तव्यमा पुग्नै लाग्दा भोर्ला र देबेलहराले एउटा रूखदेखि अर्को रूखसम्म जेलिएर बनेको प्राकृतिक गेट रहेछ । हामी त्यसैमुनिबाट प्रवेश गरी आलमोनियमका चम्किला डन्डी भएका खुड्किलामा निस्कियौँ । माथिबाट सफा खुड्किला र चम्किला डन्डी तलसम्म देखिन्थे । उँभो हो कि उँधो जाने ? भनेर धेरै बेर सोच्नै नपाई तलतिर देखियो भित्तामा 'महादेव' लेखिएको सानो छाप्रो । हामी डन्डी समाउँदै सिमेन्टका फराकिला खुड्किलैखुड्किला ओर्लियौँ । घडीले ११:१५ बजाएको रहेछ ।

भऱ्याङको दायाँतर्फ सिमेन्टको गारो र अगाडिपछाडि पाली गाँसेर बनाइएको जस्ताको छानो भएको आश्रम । बायाँतर्फ आँगनमा चप्पलजुत्ता र झोला राख्न बनाइएको आठओटा जस्तापाताको छानो भएको पानी ओताउने एकपाखे होचो टहरो । जस्तामाथि दुईओटा माइक, मैले बालाचतुर्दशी, शिवरात्रि, साउन महिना र तिज सम्झिएँ । ती पर्वमा कहाँ पाइलो राख्न पाइन्छ होला खै यति साँघुरो ठाउँमा ! धन्न हामी पर्व नपरेको समयमा आएछौँ र प्रकृतिको प्रत्यक्षानुभूति गर्न पाइयो । हामीले जुत्ता खोलेर खाटमुनि र झोला खाटमा राख्यौँ । छाप्रोको अगाडि पनि दुईओटा खाट र दुई बेन्च रहेछन् । छेउको खाट रित्तो थियो भने भित्ताको खाटमा रङ्गीचङ्गी मालाका डोराहरू, अबिर-केसरी, जौतिल र सेता प्रसादीहरू फिँजाएर राखिएका थिए । सरासर छाप्रोमा चिहाएँ मैले । होचामोटा खालका हँसिला अनुहार भएका पुरूष देखिए । 'पुजारी बाजे' त हैन, बरु 'पुजारी दाइ' भनौँ होला के के तुनतुन गरिरहेका रहेछन् ।

'तपाईँ पुजारी हुनुहुन्छ ?' मैले सहजै सोधेँ ।

'हो म पुजारी ! सामान नभए लानुस्, पूजा विधि सुनेर जानुस् ।' छोटो उत्तर उनको । मैले घरैबाट सब थोक लगेकी थिएँ । चन्दन, सेता फुलिमकै जस्ता प्रसाद किन्यौँ र आँगनको छेउमा रहेका जोर धारामा हातगोडा पखालेर सानो हनुमानको मूर्तिलाई दर्शन गरी झर्‍यौँ अझै तल खोल्सीमा । साना साना दुई घुम्ती सिँढी ओर्लेर सकिनासाथ पल्लो डाँडा र हामी झरेको डाँडाको खोँचमा सानो ठाउँ जसको दायाँतिर कृत्रिमझैँ लाग्ने तर विशुद्ध प्राकृतिक अति कञ्चन झरना छङ्छङाउँदै खसिरहेको, सिधै अगाडि पल्लो भित्तामा सरस्वती, गणेश र तपस्यारत बाबाको शिला । बाबाको दाहिनेतिर सेतो चाँदीझैँ टल्किएको त्रिशूल र अगाडि शिवलिङ्ग । मेलामा भिड हुँदा पुजारीले टीका लगाउन बस्ने फलामे डन्डीले घेरिएको सानो मन्दिर । वरिपरि जङ्गल अनि लहरा र रूखपातले ढाकिएको शान्त वातावरण, वरिपरि चारैतिर भिरैभिर । सरस्वतीको मूर्तिमा फूल राख्दै गरेका अर्का जटाधारी बाजे त्यतै देखिए । बाजेलाई पूजाका स्थानहरू सोधेर गणेशजीको दर्शन गरी हामी गुफातर्फ लम्कियौँ । सानो झरनाबाट छङ्छङ् झरेको पानीको दह, गहिरो दहमा फलामको गेट टाँड पारेर ओछ्याइएको हुनाले पिँडुला मात्रै डुबाउँदै उभिएर भित्तामा रहेको नाङ्लोभरिको मुख भएको गुफातर्फ हेर्‍यौँ । बाहिरबाट अँध्यारो देखिने तर नियालेर हेर्दा त तीनओटा शिलाका सिरमा माथि जटाबाट तप्प तप्प जलवर्षा भइरहेको, हेर्दैमा चित्ताकर्षण हुने त्यो प्राकृतिक गुफामा हामीले पूजा गर्ने समयमा ठ्याक्कै झरनाको छिँडीबाट सूर्यका मधुरा किरणहरूले चिहाइरहेका थिए । अनि रूखका पात र अनगिन्ती हाँगाहरूले छेकेर छर्छराएको छहराको पानीमा परेका किरणहरू इन्द्रेणीझैँ चम्किरहेका थिए । त्यति बेला मलाई राष्ट्रकवि माधव घिमिरेको 'सानी नदी' कविताका एक एक हरफ वास्तविक भएर झल्झलाए–

त्यो घामछायाँमय कुञ्जभित्र
छन् इन्द्रिनीका रचना विचित्र ।
आनन्दमा चट्ट फिँजाइ लट्टा
खेल्छिन् छहारीमुनि नित्य गट्टा ।

जङ्गलमा घाँसदाउरा, पानीपँधेरा गर्दा कैयौँपटक यस्ता रङ्गीन स्थानमा पुगियो होला तर आज पहिलोपटक कविमनबाट झल्झलाकार भएर निस्किएको साँच्चिकै प्रकृतिको वर्णनातीत सुन्दरतासँग साक्षात्कार हुन पाएको अनुभूतिले मेरो मन स्वर्गीय आनन्दमा चुर्लुम्म डुब्न पुग्यो । मैले कुञ्जभित्र पसेर साक्षात् इन्द्रेणी छायाँमा बसी देवको दर्शन पाइरहेझैँ भान भइरह्यो । यसै जिल्लाका वासिन्दा भएर पनि पहिलोपटक यस पवित्र पुण्य तीर्थ मधुगङ्गा महादेव मन्दिरमा पुगेका थियौँ हामी । निकै लामो भलाकुसारी भयो अनन्त निरञ्जन निराकार प्रभुसँग गौरवका बाबाको । माघको ठण्डी, पहिले दहमा पस्नासाथ चिसोले कटक्क काटेको गोडा उभिँदाउभिँदै लाटा भइसकेका थिए । उहाँपछि हामीले पनि उहाँले भनेअनुसार धूपदीपसहित पवित्र मन अर्पण गर्‍यौँ । आश्रममा फर्किँदा दिउँसोको बाह्र बजिसकेको थियो । आजकल जहाँ गए पनि मन्दिरवरपर खानेकुरा र पानी किन्न पाइन्छ तर यो अलिकति पनि कृत्रिमताले अँगाल्न नपाएको विशुद्ध प्राकृतिक स्थल रहेछ । हामी दुईले पुजारी दाजु लालबहादुर थापामगरसँग यो मन्दिरको नाम र उत्पत्तिका बारेमा सोध्यौँ । गौरवका बाबा आफै शिवगुरुको अत्यन्तै प्रिय भक्त भएकाले निकै उत्साहित हुनुहुन्थ्यो यहाँका बारेमा सुन्न र बुझ्न । अनि त हलेसी महादेव

जाने बेलामा जस्तै यसपटक पनि उहाँ आफै त्यस पवित्र पुण्य तीर्थमा पुग्न हतारिनुभएको थियो । हाम्रो आग्रहमा गुरु दाइले छोटकरीमा बताउन सुरु गरे ।

खेतीकिसानी गरी जीविकोपार्जन गरेर बसेका लालबहादुरका पिता बद्रीबहादुर थापामगर सधैँ गाईवस्तु चराउन यसै भेगतिर जान्थे रे । अर्का गाउँका उनका भान्जाहरू पनि गाईवस्तु चराउन त्यही पाखामा ल्याउँथे । २०१८ सालमा उनका भान्जाहरूको तीनबर्से लक्का जवान बाछो तीन दिनदेखि बेपत्ता भएछ । गाईवस्तुको चरन, घना जङ्गल, बुटापोथ्रा चहार्दा पनि कतै फेला परेनछ । चौथो दिन पनि बिहानभर खोजेछन् । केही सिप नलागेपछि हैरान भएर मामालाई गुहार्न पुगेछन् । मावलीमै खाना खाएर बाँसघारीको चुल्ठो जोरिएको इनारजस्तै स्थानमा पुगेपछि मामा बद्रीबहादुरलाई बिँडीको तलतल लागेर एक छिन त्यहीँ बसेछन् । सँगै बाछो खोज्न आउने १३ वर्षका कान्छा भान्जा (पूर्णबहादुर) अचानक चिप्लिएर गुफाछेउ खसेछन् । आत्तिएका साना भान्जाका आँखा गुफाका अनौठा दृश्यहरूमा अल्झिएपछि तत्कालै मामालाई पनि ओरालेछन् ।

ओहो ! मामा झन् चकित हुन पुगेछन् त्यति बेला । गुफाको अँध्यारोमा पार्वतीलाई काखमा राखेर प्राकृतिक स्वरूपमा शिवजी विराजमान । मास्तिर शिवजीका जटाबाट गङ्गाजल तरररर बगिरहेको । गाईका चिल्ला थुनहरूबाट तप्पतप्प सेता दुधजस्तै थोपाहरू खसिरहेका देखेपछि 'लौ भान्जा ! यहाँ त साक्षात् भगवान् शिव पो रहेछन्' भनी प्रणाम गरी 'हे परमेश्वर, यदि तिमी सत्यका भगवान् भए चार दिनदेखि हराइरहेको हाम्रो बाछो आजको सूर्यभरिमा भेटाइदेऊ' भनेर वर मागेछन् र चार पाउ टेक्दै माथि दम्स्याइलो ठाउँमा निस्केर तीनपटक 'ओजी' ! ओजी !' भन्नासाथ बाछो 'बाँ' गरेर कराएछ । उनीहरू त्यतै उकालो लागेछन् । दिनहुँ त्यही पाखामा खोज्दा पनि नभेटिएको बाछोलाई अचानक मन्दिरको शिरतिरको जङ्गलको डाँडोमा भेटेर अत्यन्तै हर्षित हुँदै बाछो लिएर घर आएछन् । कहिलेकाहीँ दुःखबिमार र बिघ्नबाधा परेका बेला मात्र बलपुकारा माग्न त्यस गुफामा पुग्ने बद्रीबहादुरलाई बारम्बार त्यस गुफाले आकर्षित गर्न थालेपछि अब भएन भनी त्यस गुफाको नाम के राख्ने होला भनेर सोच्न थालेछन् । उनले रामेछाप ऐँसेलुखर्कका जन्मकुल राई भएका निलकण्ठ गिरीलाई लिएर आई गुफा देखाएछन् । २०२७ साल पुस महिनाको जाडोमा तीन दिन तीन रात त्यहीँ धुनी बालेर बसेपछि चौथो दिन बिहान गुरुले धुलौटोमा कोरी 'मधुगङ्गा' महादेव भनेर नामकरण गरेछन् । यसो भनी उनले हामीलाई सुनाए ।

'हामीले सुनेअनुसार त हराएको गाईले दुध चढाएको हुनाले मधुगङ्गा महादेव नाम रहेको भन्ने पो थियो त ?' भनेर सोध्दा हौसिँदै पुजारी दाइले यस्तो प्रसङ्ग बेलिविस्तार लगाए– उनी भर्खरै दुईतीन वर्षका हुँदा अर्थात् २०२९ सालतिर उनको एउटा मालीगाई बच्चा जन्माउन भरेभोलि भएको रहेछ । उसलाई चर्नका लागि वन नपठाउने गरिएको रहेछ तर अरू बथान चर्न हिँडेपछि उसले थलामा कराएर हैरान बनाएछ अनि उनकी आमा मनमाया थापामगरले त्यो माली गाईलाई फुकाएर बथानसँग पठाइदिइछन् । चर्न गएको गाई साँझमा अरू बथानसँग फर्केर घरमा नआएपछि कुनै अप्ठ्यारोमा पऱ्यो कि त, न वनमै ब्याएर पो बस्यो कि त भन्ने चिन्ताले बुढाबुढी रातभर आँखा जोर्नसम्म सकेनछन् । बलपुकारा माग्न जानुपऱ्यो भनी भोलिपल्ट बिहान सबेरै नुहाएर धुपौरोमा कोइला र रुमालमा फूलअक्षता पोको पारी उनै मधुगङ्गा महादेव गुफामा घस्रँदै पुगेछन् । पूर्व-पश्चिम, उत्तर-दक्षिण कतैबाट

पनि मान्छेसमेत सहज रूपमा पुग्न नसक्ने त्यो अनकन्टार खोँचमा राँक्किएको फाँचोसहित गुफातिर फर्केर उभिइरहेको गौमातालाई देखेर छक्क पर्दै हर्ष र आश्चर्यले एकैसाथ ढपक्क ढाकेछ बद्री बालाई ।
'मान्छे आउन त यस्तो गाह्रो हुने यस ठाउँमा तिमी कसरी आइपुग्यौ माली ?' भनी हातको धुपौरो भुइँमा राख्दै बडो प्रेमले सुम्सुम्याउन पुगेछन् । कतै घाउचोट नभएको सद्दे गाई यहाँ कसरी आइपुग्यो होला त ? भन्ने सोच्दै आफूले लिएर गएका धूपदीप महादेवलाई चढाई जसरी भए पनि मालीगाईलाई यस अप्ठ्यारोबाट सकुशल निकालिदिन पुकारा गरेछन् र गाउँतिर झरी सबै गाउँलेलाई आफ्नो मालीगाईको अवस्था जानकारी गराई सहयोगको लागि आग्रह गरेछन् । नजिकै घरहरू भए पो !
वारिपारि हल्ला गरेर गल, कोदालोकोदाली जुटाएर गाउँलेहरू गाई भएको ठाउँमा पुगेछन् । अलि अलि खनीखोस्री गरेर घारीबुटा पन्छाएपछि उनै महादेवको दैवी शक्तिले होला, त्यस अवस्थाको गाई अगाडिको दुई घुँडा मारेर त्यो अप्ठयारो बाटोबाट फटाफट हिँडी सजिलो ठाउँमा निस्किएछ । यो देखेर बद्री बा र अन्य गाउँले झन् चकित भएछन् । यहाँ सत्यका महादेव हुनुहुँदो रहेछ भन्ने विश्वासमा दृढ भएछन् । त्यसपछि यस मन्दिरका बारेमा बिस्तारै प्रचारप्रसार बढ्दै गएछ । हिन्दु धर्मशास्त्रअनुसार विशेष गरेर साउन महिनामा महादेवको पूजाअर्चना गरिने भएकाले यस 'मधुगङ्गा महादेव धाम'मा नेपालको तराई र छिमेकी मुलुक भारतदेखि समेत 'बोल बम' जानेको घुइँचो लाग्न थालेछ । यस गतिविधिलाई ध्यानमा राखेर स्थानीय सरकार दुधौली नगरपालिका वडा नं. २ बाट बजेट उपलब्ध गराई बिस्तारै बाटो सजिलो बनाउँदै गएर हालको अवस्थामा आएको वृत्तान्त पुजारीले बताए । अन्य धार्मिक, सांस्कृतिक स्थलमा पुगियो भने तिनका बारेका किंवदन्ती मात्रै सुन्न र पढ्न पाइन्छ तर पवित्र स्थान मधुगङ्गामा पुगेपछि भने सुन्दा कथाजस्तै लागे पनि यथार्थमा बाबुआमासहित वर्तमान पुजारीको भोगाइलाई उनकै मुखबाट सुन्न पायौँ । त्यसो त, यस्ता किंवदन्ती र स्थानीय देवीदेउताका बारेमा 'होला' पनि कसरी भन्नु ? अनि 'होइन होला' पनि कसरी भन्नु र ? तैपनि लोकविश्वासप्रति हामीले सम्मान अर्पण गर्नै पर्छ । मैले पनि गरेँ र श्रद्धाविह्वल र हर्षविभोर भएर मधुगङ्गाको मोहगङ्गामा चुर्लुम्मै डुबेँ ।
उभिरहेका लट्टेबाबा घरपछाडि गएको देखेर म पनि उनैको पछि पछि पछाडि पालीमा गएँ । दुइटा ठुला मुढा र एउटा ढुङ्गा जोडेर चुलो बनाइएको रहेछ । त्यही आगोमा जम्न आँटेको दुध तताउन लागेका बाबालाई मैले नाम र घर सोधेँ । 'रामचन्द्र यादव' नाम भएका उनी बद्रीबहादुर बुबाका चेला रहेछन् । जानकी मेडिकल कलेजको छेउछाउ जनकपुर घर भए पनि उनी विगत ४६ वर्षदेखि यहीँ बस्दा रहेछन् । अर्का चेला 'प्रेम राउत' घर गएका रहेछन् । मैले पनि भाँडा सफा गरेर तातो पानी बसाली पालीबाहिर निस्केर भ्याएसम्म दृश्यपान गरेँ । तल कुनामा झरना छङ्छङाउँदै गीत गुन्जाइरहेको थियो । माथितिरको ठुलो रूखबाट विनाहावा पातहरू फुर्फुराउँदै खसिरहेका थिए, मानौँ कसैले माथि बसेर खटाई खटाई खसाइरहेछ । त्यो शान्त सुरम्य वातावरणमा रूखको टुप्पातिर भर्खरै बिउँझेर चरीबरीले चाँचाँचुँचुँ बोलेपछि म तिनका मोहनीले भुतुक्कै भई त्यतैतिर तानिएँ । मलाई त्यहीँ बसिरहूँ झैँ लागिरहेको थियो । ला, भाँडाको पानी भकभक उम्लिसकेछ । मैले तातो पानी ल्याएर सबैलाई दिएँ । उहाँहरूको वार्तालाप अझै सकिएको थिएन । पुजारी दाइको करले गौरवका बाबा र मैले पानी र दुधको

चिया खायौँ । दोहोरो परिचयपछि पुजारी दाइले आफू बिरामी भएकोले छब्बिस दिनपछि मात्रै यहाँ आउन सकेको र केही हेरिदिन आग्रह गरे । गौरवका बाबाले पनि महादेवलाई शरीरमा डाकेर आफूले जानेको गरिदिनुभयो । पुजारी दाइ पनि खुसी भए । यति मिठो आत्मीयता ! म शब्दमा व्यक्त गर्न सक्दिनँ ।

दर्शनार्थी भएर त्यस पुण्य स्थलमा पुगेका हामी आफन्त बनेर बिदावारी भई साढे एक बजे ओरालो झर्‍यौँ । पन्ध्र मिनेटमा तल आइपुग्यौँ । फेरि सुरु भयो मेरो स्कुटरमा घरी घरी झर्ने र चढ्ने क्रम । झर्दै चढ्दै गर्नुभन्दा ओरालोमा म नै बरु अघि अघि दगुरेँ । लामो समयपछि बायाँ छेउमा देउराली देखेँ । त्यसमा एउटा ढुङ्गा र एक डाला पाती भाँचेर चढाएँ । त्यसै बेला उछिनेर अगाडि जानुभएको थियो, उकालो चढ्दा चिप्लेको घुम्तीमा पर्खिरहनुभएको रहेछ । म अझै अगाडि लागेर हिँड्दै थिएँ । बिहान भेटिएकी दिदी कार्टुनमा सिङ्गै कुखुरो र झोलामा अन्य सामान बोकेर मसक्क मस्कँदै हामी झरेको बाटो उक्लँदै रहिछन् । उनलाई लाग्यो होला, आखिर गाडी हुने पनि त हिँडेकै छन् ।

अनुलाई पुलमा ल्याई छोडिराखेर छोरा गौरव मलाई लिन उकालोमा पुगेछ । बाबाचाहिँ बल्लतल्ल ओरालो झर्दै हुनुहुन्थ्यो । उसले मलाई बसायो र सँगसँगै पुलसम्म आइपुग्यौँ । अनु काँचै चाउचाउ चपाउँदै रहिछन् । भोक लागेर पनि टरिसकेको थियो । तेर्सो बाटो हुनाले हामी दुई बजे बेलघारी बजार पुग्यौँ । राम्रै नाम र विज्ञापन देखिने होटलमा, राम्री साहुनीसँग खाजा पाइन्छ कि भनेर सोध्यौँ, साकाहारी खाजा भनेपछि आजकालका साहुनीको अनुहार नै खुम्चिने । धमिलो अनुहार हेर्नुभन्दा चारै जना जुरुक्क उठेर सडकपारिको सानो पसलमा सर्‍यौँ ।

'दाने दाने मे लिखा है खानेवाले का नाम ।' मलाई खुब कण्ठ छ हिन्दीको यो वाक्य । दुधचिउरा मगाएर खान लाग्नुभयो उहाँहरू । त्यतिन्जेलमा मैले मेरो बिहानदेखिको नर्वदा दिदीको घर कहाँनेर होला भन्ने जिज्ञासाको उत्तर साहुजीबाट पाइसकेकी थिएँ तर नयाँ साहुजीको उत्तरले चित्त बुझेको भने थिएन । भित्र पसेर मैले पनि फटाफट खाजा खाएँ र बाहिर निस्केर चन्द्रावती मावि बेलघारीका आधुनिक भवनहरू नियाल्न लागेँ । आजभन्दा ३७ वर्ष अगाडि २०४५ सालमा जब म नौ कक्षामा पढ्थेँ । त्यसै बेला नर्वदा दिदीकी ठुली छोरी मीरा दिदीको बिहेमा म यहाँ हिँड्दै आएकी थिएँ । यसै चौरमा भलिबल खेलौँ भनेर त्यसै बेलाका गङ्गा कार्की, कुन्ता कार्की, कुन्ता घिमिरेहरूसँग चिनजान भएको थियो । त्यस बेलाका प्रधानाध्यापक कुलमणि आचार्य गुरुले मलाई पनि त्यहीँ पढ्न भन्नुभएको, सारा घटना आँखासामुन्ने नाच्न थाले । हाल कुलमणि गुरु निकै बिरामी हुनुहुन्छ । उहाँको शीघ्र स्वास्थ्यलाभको कामना गरेँ । त्यहीँ नवराज काफ्ले शिक्षक मित्र भेटिनुभयो र मैले सोधखोज गर्दा जुन ठाउँमा बसेर हामीले भर्खर खाजा खायौँ, नर्वदा घिमिरे दिदीको घडेरी र त त्यही पो रहेछ । कति मिठो संयोग !

दिउँसोको २:३८ बजे बेलघारी छोडेर अलिकति अगाडि मात्रै आएका थियौँ, चौतारीमा दाउराको भारीमाथि एक मुठो सेउलासहित साना भाइ देखिए । मलाई पुरानो याद आयो खुर्कोटको । त्यस्तै घाँसेको लर्को त पछि नै पो रहेछन् । भर्खरै ४/५ वर्षका नानीलाई पनि एक मुठो बोकाइदिएका । कति रमाइलो बालापन र गाउँले जीवन । बिहानै गएका हुन् कि, खाना खाएर गएका होलान् जङ्गल ? भोकले मरेनन् त ? म एकै छिन त्यतै हराएछु ।

चँदाहाको फराकिलो बगर पार गरेर हामी भीमस्थान तऱ्यौँ । सडकबाट परसम्म आँखा डुलाउँदा वारिपारि हरियाली ! जिर्गाको पुल के तरेका थियौँ, पिरो खार र कुइलधुइल धुँवाले बाटो नै देखिएन । ५०/६० जना मान्छे पनि सडकको छेउछाउ देखिए मलाई खुल्दुली भयो तर माथिल्लो घुम्तीबाट राम्रोसँग हेरेको त आगलागी भएछ । दमकलले आगो निभाउँदै रहेछ ! जस्ताको छानोमा पनि फोका फोका देखियो । कठै ! के कति क्षति भयो होला ? अरू जे भए पनि मेरा बाख्राहरूले जस्तो अकाल मरण कसैले भोग्नु नपरोस् । गाईवस्तुलाई केही नहोस् । सम्झँदा नि मुटु पिरो भएर आयो । कच्ची बाटोमा कति उफारेको नि ! आहा ! विभिन्न रङ र ठुलासाना एक हुल बाख्रा ! पाखाभरि चरिरहेका । खोइ त गोठाला ? ए पारिलो घाममा आनन्दले बसेका पो रहेछन् । मलाई तुरुन्त ओर्लेर पालैपालो सुम्सुम्याउन मन लाग्यो तर म त बाटो हिँड्ने बटुवा थिएँ । मनको कुरा मनमै राखेर हुइँकियौँ । फनक्क फर्किहेरेँ एकपटक तिनै बाख्रालाई ।

मुक्तक

# मुक्तक



**विमल गिरी**
**(बिर्तामोड २, चारपाने, हाल : बेल्जियम, ब्रसेल्स)**

१. सम्झँदा 'नि सास त्यसै रोकिन्छ यादमा तिम्रो
हरहर अजम्बरी माया ठोकिन्छ यादमा तिम्रो
घरी रोएजस्तो गर्छु घरी त टोलाएजस्तो गर्छु
हृदय हल्लिन्छ आँखा पोखिन्छ यादमा तिम्रो ।

२. आपसी सम्बन्ध मोलतोलमा बिक्छ भन्थे, हो रहेछ
विवाद नगर्नू, बोल्दै नबोल्नू ठिक छ भन्थे, हो रहेछ
फूलजस्तो जीवनमा कागजस्तो कर्कश आवाजले
बोल्दाभन्दा बुझ्दा सम्बन्ध टिक्छ भन्थे, हो रहेछ ।

३. झुक्याएर कलेजी निचोर्ने कुरा मन पर्छ
धारेहात पार्दै सराप्दा बज्ने चुरा मन पर्छ
पश्चात्तापको मौन विलाप गर्दै तिखो त्यो
मलाई प्रहार गर्ने उनको छुरा मन पर्छ ।

४. सुकोमल निश्चल जिन्दगीले हो छल्छ एक दिन
फूलजस्तो यौवन पनि चितामा बल्छ एक दिन
मोनालिसाले जस्तै मुस्कुराउन सकौँ बाँचुन्जेल
समय शक्ति सम्पत्ति र शरीर ढल्छ एक दिन ।

# लघुकथामा प्रस्तुति



**डा. शेखरकुमार श्रेष्ठ**
**(दक्षिणकाली, काठमाडौँ)**

## १. विषयपरिचय

साहित्यका चार विधामध्ये आख्यान विधाअन्तर्गत पर्ने उपन्यास, कथाजस्तै लघुकथा एक उपविधा हो । नेपाली बृहत् शब्दकोशले 'कथाका तत्त्वहरूले पूर्ण भएको ससाना कथा, छोटा कथा'लाई लघुकथा मानेको छ (२०७५ : पृष्ठ १०९४) भने 'प्रबन्धात्मक रूपमा गद्य भाषामा लेखिएको आख्यानात्मक लघुरचना, कहानी वा गल्प'लाई कथा भनेको छ । (२०७५ : पृष्ठ १७९) यसै गरी 'कहिने वा भनिने कुरा'लाई आख्यान भनेको छ । आख्यानबाट आख्यानात्मक शब्द बनेको हो । आख्यानात्मक भनेको कथानकको शृङ्खला हो । यसरी आख्यान र कथालाई एकै ठाउँमा राखेर हेर्दा लघुकथा भनेको छोटो कथानक भएको घटनाहरूको शृङ्खला हो । प्रस्तुतीकरण शब्द प्रस्तुत+ई+करण मिलेर बनेको हो । यसको शाब्दिक अर्थ प्रस्तुत गर्ने काम, ढङ्ग वा शैली हो । विषयको प्रस्तुतीकरण, शोधको प्रस्तुतीकरण, प्रस्तुति, पेस गराइको क्रममा पनि यसको प्रयोग हुन्छ । प्रस्तुतीकरण बोलाइ वा लेखाइको शैलीभित्र पर्छ । हरेक बोलाइ र लेखनको विशेष शैली हुन्छ । शैलीले नै विधा वा रचनाको विशेषता बोकी रचनालाई पृथक् पृथक् रूपमा चिनाउँछ । यसै शैलीका कारण साहित्यका विधा कविता, नाटक र निबन्धसँग आख्यान अलग देखिन्छ भने प्रस्तुतिकै कारण एउटै विधा भएर पनि उपन्यास र कथासँग लघुकथा छुट्टिन्छ । यही प्रस्तुतीकरणकै माध्यमले लघुकथा प्रभावकारी, गुणधर्मी, चित्ताकर्षक, विश्वसनीय र आह्लादित हुन्छ । त्यसैले घटनाहरूको शृङ्खलालाई विधाबाट अलग गराउन, स्वरूप पहिचान गर्न तथा लघुकथालाई कलात्मक, सौन्दर्ययुक्त, ललित बनाउन प्रस्तुतिको महत्त्वपूर्ण भूमिका रहन्छ ।

प्रस्तुतीकरण रचनामा बाह्य र आन्तरिक गरी दुई प्रकारका हुन्छन् । बाह्य प्रस्तुतीकरणमा घटनाको संयोजन र प्रयोग, पात्रले बहन गरेको चरित्र, पात्रले बसउठ गरेको परिवेश, ग्रहण गरेको विचार, वाक्य र शब्दको प्रयोग जस्ता कुरामा निर्भर रहन्छ भने आन्तरिक रूपमा भाव, घटनाको उनाइ, लेखकले लिएको सामग्री र पाठकलाई पार्ने प्रभाव जस्ता कुरा पर्छन् । यिनै कुरासँग सन्दर्भित गरी लघुकथामा प्रस्तुति हेर्न सकिन्छ । यसका लागि यस लेखमा तत्त्वहरूलाई आधार मानी प्रस्तुति अध्ययन गरिएको छ ।

## २ कथानकमा प्रस्तुति

कथानक आख्यान विधाको मूल तत्त्व हो । कथानकभित्र घटनाको शृङ्खला, घटनाको क्रम (आदि, मध्य र अन्त), घटनाका अवस्था (प्रारम्भ, सङ्घर्ष विकास, सङ्घर्ष चरमोत्कर्ष, सङ्घर्ष ह्रास र उपसंहार), कुतूहल, द्वन्द्व, दृष्टिविन्दु आदि पर्छन् ।

कथा, कथावस्तु र कथानक फरक फरक कुरा हुन् भन्ने कुरा विद्वान्हरूले आख्यान, नाटक आदिको सैद्धान्तिक विवेचनाका क्रममा व्यक्त गरेका छन् । कथानक (घटनाहरूमा) पात्र,

परिवेश, भाषाशैली, उद्देश्यजस्ता आख्यानका तत्त्वले पूर्ण पाठ कथा हो । कथामा कथावस्तु हुन्छ । कथावस्तु भनेको कथाको मूल विषयवस्तु वा कथाको सार हो । कथावस्तुमा पात्र, परिवेश र सन्देश पनि जोडिएर आउँदा कथासार बन्छ । 'कथा' र 'आनक' मिलेर कथानक बनेको हो । यो आख्यानात्मक रचनामा हुने घटनाहरूको शृङ्खला वा घटनावली हो । कथानकमा पात्र र परिवेशको प्रयोग हुँदैन । यसमा विशुद्ध रूपमा घटनाहरूको टिपोट हुन्छ । घटना भनेको अकस्मात् वा नियोजित रूपमा भएको कामकुरो, कामकारबाही, काण्ड वा पर्व हो । कुनै पनि घटना प्राकृतिक वा मानवीय क्रियाकलापका कारण घटना घटेपछि त्यसले प्रतिक्रियाका रूपमा अर्को घटना जन्माउँछ । यही प्रतिक्रिया पुनः घटनाको कारण बन्दै घटनाहरूको क्रमिक शृङ्खला बन्छ । यिनै घटनाहरूको शृङ्खला वा माला कथानक हो । लघुकथामा घटना प्रयोग गर्दा एउटा पात्रलाई मात्र आधार मानेर उसले के के गर्‍यो, के के बोल्यो, ती सबै पक्ष समेटेर प्रस्तुत गर्न आवश्यक छैन । यसमा कुनै खास घटना र त्यसले जन्माएको घटना वा पारेको प्रभाव प्रस्तुत गर्नुपर्छ । यसमा एउटा मूलबाट बगेको पानीको खोलाको जति मात्र विषय हुन्छ । एउटा खोलामा अर्को खोला वा कुलाको पानी नै मिसियो भने पनि त्यो कथातिर जान सक्छ । त्यसैले लघुकथामा घटनाको चयन र कार्यकारण देखाउँदै जाँदा सचेत भई एकोन्मुख प्रभावतिर जानुपर्ने हुन्छ ।

कुनै पनि व्यक्तिको जन्मसँगै मृत्यु जोडिएको हुन्छ । त्यसै गरी कुनै पनि घटनाको सुरुआतपछि अन्त निश्चित छ । कथा भनेको घटनाको शृङ्खला भएकाले यसको पनि अन्त हुन्छ । यही वैश्विक दृष्टिका आधारमा हरेक घटनाको जन्मपछि त्यससँग सम्बन्धित व्यक्ति वा समाजबाट क्रियाप्रतिक्रिया लिनदिन सुरु हुन्छ । ती सकारात्मक वा नकारात्मक दुवै हुन सक्छन् । सकारात्मक प्रतिक्रियाले बहुजनको हित गर्छ भने नकारात्मक प्रतिक्रियाले हानिनोक्सानी गर्छ । लघुकथामा सकारात्मक वा नकारात्मक जे जस्तो घटना वा प्रतिक्रिया भए पनि घटना गतिशील भई त्यसले घटना उत्पन्न गराउने वा क्रियाप्रतिक्रिया दिने कार्य गरी पात्रलाई एउटा गन्तव्यमा पुर्‍याउन घटनाको शृङ्खला तयार पारिन्छ । यस क्रममा टुङ्गोमा नपुगेका घटना छन् भने ती घटना मात्र हुन्छन् तर टुङ्गोमा पुगेपछि कथानकको शृङ्खला तयार हुन्छ । यही टुङ्गोमा पुगेका घटनाहरू लघुकथाको पनि कथानक बन्छ ।

कथानकलाई बाह्य वा स्थूल रूपमा हेर्ने हो भने यसमा घटनाको जन्म आदि भाग, घटनाको क्रियाप्रतिक्रिया मध्य भाग र घटनाको अन्त कथानकको पनि अन्त भाग बनेर आउँछ । यसैलाई सूक्ष्म रूपमा हेर्ने हो भने घटनाको प्रारम्भ, सङ्घर्ष विकास, सङ्घर्ष चरमोत्कर्ष, सङ्घर्ष ह्रास र उपसंहारमा विभाजन गरिएको हुन्छ । तथापि कतिपय लघुकथामा व्यङ्ग्य गर्दा सङ्घर्ष ह्रासमा नै कथानक टुङ्गिएर उपसंहार अर्थात् फल प्राप्ति चाहिँ कस्तो भयो पाठकमा छाडिएको देखिन्छ । लघुकथामा घटनाको शृङ्खला मात्र दिँदा कथानक बन्छ । लघुकथाको स्वरूपमा आउँदैन । त्यसैले लघुकथा लेखन गर्दा आख्यानको स्वरूप बुझी सोहीअनुसार प्रस्तुति दिनुपर्छ ।

आख्यान भनेको साहित्य हो भने साहित्य पनि कलाभित्र पर्छ । यदि लघुकथा छोटो बनाउने नाममा घटनाहरूको शृङ्खला मात्र दिइयो भने त्यसमा कलाको प्रयोग नपर्न सक्छ । त्यस्तै, साहित्यको अर्थ हित गर्नु पनि भएकाले लघुकथाको लेखनले हितको पक्षमा बोलेन भने

साहित्यको गुण हराउन सक्छ । अतः कलात्मक र सौन्दर्यको जलप लगाएर कथानकमा आउने घटनाहरूलाई प्रस्तुत गर्नुपर्छ । त्यसपछि लघुकथा घटनाहरूको टिपोट मात्र होइन आख्यान, साहित्य र कला पनि बन्छ । त्यसैले छोटो बनाउने नाममा कला र सुन्दरता मार्दा लघुकथा होइन, लघुकथाको कथानक बन्छ ।

लघुकथा लेखन गर्दा शृङ्खलामा आएका घटनाहरूलाई प्रस्तुतिले प्रभाव पार्छ । कुनै पनि घटनाको जन्म त्यसका क्रियाप्रतिक्रिया र परिणामलाई क्रमशः प्रस्तुत गर्दा सरल कथानक बन्छ । कुनै पनि घटनाको परिणाम उल्लेख गरी त्यो परिणाम आउनुका कारण पछि देखाइयो भने कथानक व्यतिक्रमिक वा वृत्तकारीय बन्छ । यो कुरा सम्पूर्ण आख्यान र आख्यानात्मक रचनामा पनि देखिन्छ । यहाँ कथानक मानिन्छ भन्नुको कारण लघुकथा बनिसकेको हुँदैन किनकि लघुकथा हुन कला र साहित्यको गुण पनि आवश्यक छ । यसैका लागि लघुकथा लेखन गर्दा बाहिरी प्रस्तुति मात्र होइन आन्तरिक प्रस्तुतिमा पनि संयोजन हुनु जरूरी छ । आन्तरिक गुणभित्र द्वन्द्व र कुतूहल पर्छन् ।

कथानकभित्र कुतूहल पनि पर्छ । कुतूहलको अर्थ जान्ने इच्छा वा जिज्ञासा हो । यो कुरा अनुसन्धानको मुख्य पक्ष भए पनि रचनामा पाठकको ध्यान तान्न यो आवश्यक पर्छ । कुतूहल सुरुमा लेखकलाई हुन्छ । लेखकले कुनै पनि घटनाको आदि, मध्य वा अन्तको घटना थाहा पाएपछि त्यसको पूर्ण जानकारी लिन चाहन्छ । लेखकले त्यही आफूले पाएको पूर्ण जानकारीले पाठकलाई आकर्षक बनाओस् भन्ने अपेक्षासहित लघुकथाको सिर्जना गर्छ । यसरी लघुकथा लेखन गर्दा कुनै पनि घटनाको अन्त कसरी हुन्छ भन्ने जानकारी पहिले नै पाठकलाई भएको खण्डमा पाठक रचनाबाट पहिले नै बाहिरिन्छ । त्यसैले लेखकले पाठकलाई घटना, पात्र र परिवेशमा नै अल्मलाएर राख्न घटना, क्रियाप्रतिक्रिया, कथानकको आदि, मध्य र अन्तमध्ये कुनै एक खण्डलाई लुकाएर अन्तिममा मात्र खुला गरिदिन्छ । अझ कतिपय लेखकले त कथा सकिए पनि घटना के भयो होला वा पात्रले के कस्तो जीवन भोग्दै होला भनेर कृतिबाट बाहिर निस्केपछि समाजको अवलोकन गर्न थाल्छ । यसरी कुनै पनि रचनाको खास रहस्यलाई नदेखाई लघुकथा लेखन गर्न पनि प्रस्तुतिले नै सहयोग गरेको हुन्छ ।

कथानकमा द्वन्द्व पनि हुन्छ । यो आख्यानको आन्तरिक गुण हो । द्वन्द्व भनेको खास घटनामा उत्पन्न नमिल्दो क्रियाप्रतिक्रिया हो । कथानकका घटना त्यतिकै घट्दैन । घटना घटाउन कुनै पनि प्राकृतिक, मानवीय, वस्तु, विचार जस्ता कुरा कारण बनेको हुन्छ । क्रियाबाट निस्कने प्रतिक्रियामा पनि प्राकृतिक वा मानवीय वस्तुका विचार, मान्यता, स्वभाव, प्रवृत्ति वा गुण जस्ता कुरा आएका हुन्छन् । यसैका कारण द्वन्द्व उत्पन्न हुन्छ । द्वन्द्वका पनि विभिन्न रूप हुन्छन् । कुनै द्वन्द्व सङ्घर्षका रूपमा आउँछ । यही सङ्घर्ष बढ्दा प्रतिस्पर्धा, विद्रोह, क्रान्ति र युद्ध हुन्छ । यी कुरा लघुकथामा कुन रूपमा आएको छ भन्ने कुरा प्रस्तुतिमा देखिनुपर्छ । द्वन्द्वलाई प्रस्तुतिको आधारमा हेर्दा बाह्य र आन्तरिक देखिन्छ । एउटा व्यक्तिको अर्को व्यक्ति, समाज, समूह वा विचारसँग हुने द्वन्द्व बाह्य हो । यो भौतिक हुन्छ । भौतिक द्वन्द्व बाह्य इन्द्रियले बोध गर्छ । तर एउटै मानिसभित्र उत्पन्न फरक दुई अवस्था, विचार वा चेतन तथा अचेतन मनबिचको द्वन्द्व देखिँदैन । यो आन्तरिक द्वन्द्व हो । यसलाई मानसिक द्वन्द्व पनि भनिन्छ । बाह्य वा आन्तरिक जुनसुकै द्वन्द्व भए पनि लेखकले द्वन्द्वको खास कारणको

जन्मका लागि एउटा घटना प्रस्तुत गर्छ । त्यसै घटनासँग युग, स्वभाव, विचार, मूल्यमान्यता, समाज, नियम, कानुन, सभ्यता, धर्म, संस्कृति आदिजन्य कारणबाट द्वन्द्वको विकास गर्छ । यसरी द्वन्द्वको विकास गर्दा लेखकसँग चयनका लागि विभिन्न विकल्प हुन्छन् । ती विकल्पमध्ये व्यक्ति, समाज र राष्ट्रले पत्याउने दरिलो द्वन्द्वरूपी घटना चयन गर्नुपर्छ । यसका लागि समाजले विश्वास गर्नेबाहेकको द्वन्द्व देखाउनतिर लेखक लाग्नु हुँदैन । यसका साथै लघुकथामा सङ्घर्षको विकास गर्दा घटनालाई एकै ठाउँमा अलमलाएर राख्नु पनि हुँदैन । एकै ठाउँमा घटना रुमल्लिँदा कथाको आयाम बन्न सक्छ । यसका लागि घटनालाई प्रारम्भ, क्रिया अवस्था, सङ्घर्ष अवस्था, सङ्घर्ष चरमको अवस्था, सङ्घर्ष ह्रास र उपसंहारतिर लैजानुपर्छ अर्थात् लघुकथामा क्रियाप्रतिक्रिया वा सङ्घर्ष/द्वन्द्व न्यूनतम् चार अवस्थाका घटनाहरू आवश्यक पर्छ । यसरी लघुकथा प्रस्तुत गर्दा एकातिर गत्यामान घटना र प्रतिघटना अर्कातिर कलात्मकता पनि रहने गरी लेखिनु आवश्यक छ । अन्यथा लघुकथा सूत्रकथा वा कथानक/कथावली बन्छ ।

आख्यानमा झैँ लघुकथाको प्रस्तुतिमा पनि दृष्टिविन्दुको महत्त्व छ । त्यसैले दृष्टिविन्दु पनि प्रस्तुतिको माध्यम हो । लेखकले आफ्नो कुरा, विचार, राख्न प्रयोग गर्ने माध्यमलाई दृष्टिविन्दु भनिन्छ । दृष्टिविन्दु पात्रसँग जोडिएर आएको हुन्छ । कथानकलाई पात्रसँग जोड्ने काम नै दृष्टिविन्दुले गर्छ । त्यसैले कथा लेखन गर्दा दृष्टिविन्दु चयनमा लेखक सतर्क रहनुपर्छ ।

लघुकथा वा कथामा आन्तरिक वा बाह्य दृष्टिविन्दु हुन्छ । ऐतिहासिक र पौराणिक कथानक स्रोत भएका लघुकथामा बाह्य दृष्टिविन्दु राख्नु उपयुक्त हुन्छ । यदि यी स्रोतका लघुकथामा आन्तरिक दृष्टिविन्दु राख्ने हो भने आफू पनि त्यही इतिहासको साक्षी वा पात्र बन्नुपर्ने हुन्छ । ती स्रोतका कथानकलाई आजको समाजसँग तुलना गर्दा पनि आन्तरिक दृष्टिविन्दु राख्न मिल्छ । यद्यपि यसका लागि लेखक निकै सजगताका साथ प्रस्तुत हुनुपर्ने हुन्छ ।

लघुकथामा आन्तरिक दृष्टिविन्दु प्रयोग गर्दा लेखकले मुख्य घटना वहन गर्ने वा कथाभित्रको साक्षी पात्रका रूपमा प्रस्तुत हुनुपर्ने हुन्छ । लेखक साक्षीका रूपमा प्रस्तुत हुँदा आन्तरिक दृष्टिविन्दु सहायक पात्र बनी जिम्मेवारीपूर्वक घटनामा विचरण गरिरहेको हुन्छ । यसरी आन्तरिक दृष्टिविन्दु प्रयोग गर्दा कथामा लेखकको हस्तक्षेप बढी हुन सक्छ । आफूलाई असल देखाउने प्रयत्न हुन्छ । त्यस्तै, मुख्य पात्र अरूलाई छाडेर आफूले घटना वा चरित्रको निरीक्षण गर्दा मुख्य पात्रलाई सल्लाह दिन खोजे पनि लेखकको हस्तक्षेप देखिन्छ । यसो गर्दा कथानक लेखकको नियन्त्रणमा आउँछ । त्यसैले लघुकथामा दृष्टिविन्दुको चयनमा लेखक सजग हुनु जरुरी छ । कथानकलाई कथाको रूप दिँदा लेखक कथाभित्र रहने वा नरहने ख्याल गरी दृष्टिविन्दु प्रयोग गर्नुपर्ने देखिन्छ । यसर्थ समाजमा भएका घटनाहरूमा आफ्नो पनि प्रत्यक्ष उपस्थिति छ भने आन्तरिक दृष्टिविन्दु प्रयोग गर्दा कथा स्वाभाविक रूपमा अगाडि बढ्छ । यसको विपरीत सुनेका पढेका घटनालाई आधार मानेर लेख्ने हो भने बाह्य दृष्टिविन्दु नै उपयुक्त हुन्छ । हामीले हालसम्म लेखिएका लघुकथाहरूमा प्रयुक्त आन्तरिक दृष्टिविन्दु हेर्ने हो भने लेखकले सभ्य, भलादमी, असल पात्रका रूपमा देखाएको देखिन्छ । यसर्थ आफ्नै कथा प्रस्तुत गर्दा आन्तरिक दृष्टिविन्दु प्रयोग गर्नु उपयुक्त हुने देखिन्छ ।

बाह्य दृष्टिविन्दुमा कथा लेख्दा लेखकको हस्तक्षेप कम हुन्छ । तथापि यस किसिमका कथामा पनि लेखकले कुनै एक पात्रलाई माध्यम बनाई आफ्ना कर्म, स्वभाव, प्रवृत्ति वा विचार प्रकट

गरिरहेको हुन्छ । यसरी कथा लेख्दा कुनै एक पात्रलाई बलात रूपमा विचार व्यक्त गर्न लगाइएको खण्डमा लेखक त्यस पात्रको स्वतन्त्रतामा हाबी भएको देखिन्छ । त्यसैले बाह्य दृष्टिविन्दुमा कथा लेख्दा पनि सबै पात्रलाई खेल्ने अवसर दिनुपर्छ । यसरी दिँदा असल पात्रका खराब र खराब पात्रका असल गुण पनि देखिन्छ । यसरी सबै पात्रलाई न्याय दिएर कथा लेख्न सकिएको खण्डमा कुनै पनि पात्र अन्यायमा पर्दैन । पौराणिक र ऐतिहासिक कथानक स्रोतमा लेखकको कुनै पात्रमाथि हस्तक्षेप भएको देखिन्छ । सामाजिक कथानक स्रोत भएका लघुकथा हेर्ने हो भने समाजका घटना दुरूस्त चित्रण गर्ने क्रममा अन्तिमको घटना परिणाम जस्ताको त्यस्तै चित्रण गर्दा लेखकको हस्तक्षेप कम हुन जान्छ । अतः लघुकथा लेखनमा कथाको प्रस्तुतिको माध्यम दृष्टिविन्दु चयन गर्दा लेखक स्वतन्त्र हुनु जरूरी छ ।

**३. पात्रको प्रस्तुतीकरण**

पात्र कथाको खम्बा हो । यो पनि आख्यानको प्रमुख तत्त्व हो । पात्रले घटना घटाउँछ । पात्रले अवस्थाअनुसार उत्पन्न समस्यालाई निचोडमा लैजान्छ । त्यसैले लघुकथामा पात्र प्रयोग गर्दा कथानक वा घटनालाई ख्याल गर्नुपर्छ । कथाकारले कथा लेख्दा पात्र चयनलाई सामान्य ठान्नु हुँदैन । उदाहरणका लागि रामायणमा प्रयुक्त भएका दुष्ट पात्र सुपर्णखा, रावण तथा महाभारतमा प्रयोग भएका दुर्योधन र दुःशासनलगायत अन्य पुराणमा भएका पात्रहरू हेरूँ । यसलाई हेर्दा वर्तमान समयमा रावण, कंस, दुर्योधन पात्रबाट समाजमा कसैको नाम राखिएको देखिन्न । यसबाट थाहा हुन्छ कि लेखकले पात्रको नामकरण गर्दा समाजले त्यसलाई दुष्ट मानेको खण्डमा त्यो नामकरण समाजले आउँदो समयमा स्वीकार गर्दैन । अतः लेखकले कथामा उभ्याएको पात्र कस्तो बनाउने वा हुने हो सचेत रहनुपर्छ । पुराण वा ऐतिहासिक कथालाई स्रोतका रूपमा लिँदा तत्पात्र प्रयोग गरे हुन्छ । यसका साथै कथालाई रोचक बनाउन लेखकले ऐतिहासिक वा पौराणिक पात्रसँगै काल्पनिक पात्र पनि प्रयोग गर्न सक्छ । यो कुरा सामाजिक कथामा पनि ख्याल गर्नुपर्ने हुन्छ । त्यसैले पात्र प्रयोग गर्दा त्यस पात्रले पार्ने असर ख्याल गर्नुपर्ने हुन्छ । लेखकले सामाजिक विषयमा कथा लेख्दा सत् र असत् पात्र प्रयोग गर्दा सचेत भई घटना र कथा बहन गर्न सक्ने पात्र प्रयोग गर्नुपर्ने हुन्छ । यसका लागि ठाउँ, समय र परिस्थिति ख्याल गरी पात्र राख्न आवश्यक छ । पात्रको नामकरण गर्दा कथानकका घटना, सहर, गाउँ, स्वदेश, विदेश, शिक्षित, अशिक्षित, धनी, गरिब, पेसा, थर जस्ता युगीन यावत् कुरामा ध्यान दिन जरूरी छ ।

घटना व्यक्तिमा घट्छ, व्यक्तिबाट घट्न सक्छ । व्यक्तिको माध्यमबाट घटना घट्दा वा व्यक्तिमा घटना घट्दा व्यक्तिको प्रवेश वा निषेध हुन सक्छ । त्यसैले कथा लेख्दा जातीयता, वर्ण, लिङ्ग, काम, पेसा, बसाइ, वंशाणुगत र जीवाणुगत आधार, वस्तुगत आधार आदि हेरिनुपर्छ । कतिपय पात्रको प्रयोग गर्दा लेखकले परम्पराभन्दा भिन्न विपर्यास ढबको पनि प्रयोग गर्न सक्छन् । जे होस् पात्र राख्दा समाज, घटना, संस्कार, चालचलन, रीतिरिवाजअनुसार राख्दा उचित हुन्छ । यसका लागि लेखकले काल्पनिकभन्दा पनि वास्तविक समाजबाट टिपेर राख्न आवश्यक छ ।

**४. परिवेशको प्रस्तुति**

परिवेशले घटना घट्ने स्थान, समय र परिस्थिति बहन गरेको हुन्छ । परिवेशमा घटनाको

जन्म हुन्छ । परिवेशले नै समाजका व्यक्तिलाई विभिन्न रूपमा चिनाएको हुन्छ र पात्रको निर्माण गरिदिएको हुन्छ । परिवेशभित्र धर्म, संस्कृति, रीतिरिवाज, रहनसहन, गाँस, बास, कपास, बोली, आचरण, सोचाइ जोडिएर आएको हुन्छ । यसरी परिवेश घटना, पात्र र भाषासँग जोडिएर आउने भएकाले यी सबैलाई विश्वसनीय र यथार्थ बनाउन परिवेशको प्रस्तुति पनि यथार्थ हुन जरूरी छ । परिवेशमा समय पनि जोडिन्छ । समय घटनासँग जोडिएको हुन्छ । हिजोको घटना आज र आजको घटना भोलि नघट्न सक्छ । त्यसैले कथामा परिवेशअन्तर्गत समय जोड्दा ख्याल गर्नुपर्छ । पुराणका कथास्रोतमा पौराणिक समय प्रतिविम्बित हुन्छ भने ऐतिहासिकमा इतिहासको खास समय आएको हुन्छ । पौराणिक समयमा घटना, पात्र र बोलाइ पनि पौराणिक हुनुपर्छ भने ऐतिहासिकमा पनि इतिहास सापेक्ष प्रयोग गर्नुपर्छ ।

साहित्य समाजको दर्पण हो । अहिले लेखिएका साहित्यको तत्कालमा मूल्य नहोला तर कालान्तरमा त्यसभित्र रहेका घटना, पात्र र भाषाले एउटा गहकिलो इतिहास निर्माणमा सहयोग गर्न सक्छ । त्यसैले कथामा समय चित्रण गर्दा लेखकले वर्तमान पाठकलाई मात्र जानकारी दिने उद्देश्य नलिई उत्तर समयका पाठकलाई इतिहास दिने सोचका साथ आजको युगको कोसेली भविष्यका पुस्तालाई दिने सोचका साथ लघुकथा लेख्नुपर्छ ।

परिवेशमा परिस्थिति पनि जोडिएको हुन्छ । कुनै पनि घटना शून्यमा घटित हुँदैन । घटना घट्नुको कुनै न कुनै कारण हुन्छ । कारणका लागि पात्र सहायक हुन्छ, घटना मुख्य हुन्छ । त्यसैले कुनै पनि घटना किन घट्यो, घटनाले के दियो, घटनाले को प्रभावित बन्यो र के के असर पऱ्यो, त्यो कुरा लघुकथामा देखाउन आवश्यक छ । यसका लागि परिस्थिति निर्माणमा लेखक सजग रहनुपर्छ । यसका लागि नै लेखक अनुसन्धाता हुनुपर्छ, काल्पनिकतामा रमाएर कल्पनालाई यथार्थसँग लेराएर जोड्न सक्ने कुशल सम्पादक हुनुपर्छ । अर्थात् लघुकथा लेख्दा घटना मात्र उल्लेख नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा परिस्थितिलाई कथामा संयोजन गर्न सक्नुपर्छ । यसरी लघुकथा लेख्दा कुन परिवेशमा हुर्केको पात्रले कुन परिस्थितिमा कस्तो चरित्र प्रदर्शन गर्छ भन्ने कुरा देखाउँछ । यसका साथै उसलाई त्यस्तो चरित्र निर्माण हुन कति समय लाग्यो भन्ने कुरा पनि प्रस्तुत भएको हुन्छ । अतः लेखकले परिवेश चित्रण र निर्माणमा उचित सन्दर्भ देखाउन लघुकथामा प्रस्तुतिको भूमिका देखिन्छ ।

**५. भाषाशैलीको प्रस्तुति**

भाषा अभिव्यक्तिको माध्यम हो । यसले अनुनय, विनय, अनुरोध, विचार प्रवाहका साथै अवस्थासमेतको जानकारी दिन सहयोग गर्छ । भाषामा नै रति, करूणा, घृणा जस्ता भाव उत्पन्न गराउने सामर्थ्य रहन्छ । भाषामा नै घटना उजागर गरी अन्त्य गर्ने सामर्थ्य रहन्छ । यसले नै घटनाको जानकारी दिई चरित्र प्रदर्शन गर्छ । भाषाकै कारण पात्रको कठोर र नम्र प्रवृत्ति देखिन्छ । यत्ति मात्र होइन भाषाकै कारण साहित्यिक रचना सुन्दर र लालित्ययुक्त हुन्छ । भाषाभित्र नै अलङ्कार, विम्ब, ध्वनि जस्ता कुरा निहित रहन्छ । भाषा नै कलाका रूपमा प्रस्तुत हुन्छ । त्यसैले भाषा मिलाउन सके रीति तथा गुणले साहित्य सुन्दर बन्छ । त्यसै कारण भाषा प्रयोगमा लेखक सचेत र चनाखो हुनुपर्छ ।

भाषा लेखाइको सशक्त माध्यम हो । भाषाको पूर्ण एकाइ सिङ्गो कृति हो । कृतिमा भाषा पाठ, अनुच्छेद, वाक्य, संवाद, पदावली, शब्दका रूपमा हुन्छ । लघुकथामा खास गरी लेखक र

पात्रको भाषा हुन्छ । लघुकथामा पात्रले निश्चित चरित्र र परिवेश बोकेको हुन्छ । अतः पात्रले प्रयोग गर्ने भाषामा पनि उसको चरित्र र परिवेश लुकेको हुन्छ । पात्रले प्रयोग गर्ने भाषाबाट उसको अध्ययन, क्षमता, स्तर, बसाइ, सोचाइ, विचार, चेतना र भाव प्रस्तुत भएको हुन्छ । लघुकथा रसिलो साहित्यिक विधा हो । यसबाट प्रस्तुत हुने रस पात्र, पात्रको बसाइ र क्रियाकलापबाट अभिव्यक्त भइरहेको हुन्छ । लघुकथामा पनि अङ्गी र अङ्ग रस हुन्छ । यी रस अभिव्यक्तिका लागि लघुकथामा भावअनुसारका शब्द प्रयोग गर्नुपर्छ । शृङ्गार, करुण, शान्त जस्ता रस छन् भने शब्द र शब्दमा भएका वर्ण कोमल हुँदा सुनमा सुगन्ध हुन्छ । यसको विपरीत रौद्र, वीर जस्ता रस छन् भने शब्द र शब्दमा हुने वर्ण कठोर हुनु राम्रो हुन्छ । यसैका लागि हामीले पात्रका लागि संवाद प्रयोग गर्दा एकातिर परिवेश अर्कातिर उसको मानसिक स्थितिका साथै भावानुकूल शब्द र वर्णचयनको अन्तर्य मिलाउन आवश्यक छ ।

लेखकले पात्रको कथनमा भाषा प्रयोग गर्दा सामाजिक स्थितिअनुसार बाल, युवा, वृद्ध, शिक्षित, वैज्ञानिक ज्ञानका साथै पेसा, धर्म कर्म, भूगोल, विदेशी तथा जातीय भाषाको सम्पर्क, भाषिका जस्ता कुरा ख्याल गर्नुपर्छ । कथामा पात्रको भाषामा लेखकले अपनत्व कायम गरी हाबी देखाउनु हुँदैन ।

कथामा पात्रका अतिरिक्त लेखकको भाषा पनि हुन्छ । कथामा आउने संवादमा पात्रको भाषा हुन्छ भने अन्य स्थानमा लेखकको भाषा हुन्छ । लेखकले आफ्नो भाषा प्रयोग गर्दा मानक र स्तरीय भाषा प्रयोग गर्नु राम्रो हुन्छ । कथामा लेखकको भाषा घटनाको वर्णन, चरित्रको वर्णन, हाउभाउको उल्लेख गर्दा आउने गर्छ । लेखक आफूले प्रयोग गर्ने भाषा कसिलोमा रसिलो हुनुपर्छ । लघुकथा आख्यान विधा भएकाले यसमा गद्य भाषाको प्रयोग हुनुपर्छ । यसमा कविता र निबन्धमा जस्तो धेरै विचार वा अनुभूति प्रकट गर्नु हुँदैन । कथामा घटना घटाउने पात्र भएकाले विचार र अनुभूतिलाई पात्रका माध्यमबाट व्यक्त गर्नुपर्छ । यसका साथै ऐतिहासिक स्रोतको कथा छ र त्यसमा पनि आन्तरिक दृष्टिविन्दु छ भने लेखकको भाषा प्रयोगमा पनि सोही समयको प्रयोग गर्दा विश्वसनीयता सबल बन्छ ।

भाषा साहित्यको महत्त्वपूर्ण अङ्ग हो । त्यसैले भाषा प्रयोग गर्दा लेखकले कथानकका घटनाअनुसार अनुच्छेदको सङ्घटन, वाक्यको रखाइक्रम, शब्दको सिलसिला र वर्णसमेतको प्रयोगमा सचेत हुनुपर्छ । यसका साथै कथामा प्रतीकात्मक, द्वयार्थक, अनेकार्थक, व्यङ्ग्यात्मक, आलङ्कारिक भाषाको प्रयोग गर्न सकिन्छ । कथामा भाषाले नै घटना, चरित्र, परिवेश देखाउने हुँदा प्रयोग गर्ने भाषा घटना, चरित्र र परिवेश अनुकूल हुनुपर्छ । यसका लागि लेखक स्वयंले सम्बन्धित घटना, पात्र र परिवेश अध्ययन गरी भाषा निर्क्योल गर्नुपर्छ । अन्यथा गम्भीर अध्ययन गर्ने अध्येताका दृष्टिमा दोष देखिन सक्छ ।

भाषासँगै वर्णविन्यास जोडिएको हुन्छ । त्यसैले वर्णविन्यासका साथै भाषिक चिह्न प्रयोग गर्दा लेखक सचेत हुनुपर्छ । भाषिक चिह्नहरूले उत्तर दिने, प्रश्न सोध्ने, दुःख, शोक, आश्चर्य, भय आदि प्रकट गर्ने हुनाले खास चिह्नका ठाउँमा अर्को चिह्न प्रयोग गर्दा अमिल्दो अर्थ वा भाव निस्कन सक्छ । त्यसै गरी अर्थ वा भावअनुसार सामान्यार्थ (प्रश्नार्थसमेत), आज्ञार्थ, इच्छार्थ, सङ्केतार्थ, सम्भावनार्थ र प्रेरणार्थक वाक्य हुने भएकाले अर्थ वा भावअनुसार वाक्य वा चिह्नको प्रयोग गर्नुपर्छ । पदवर्ग नौ किसिमका छन् । तिनले वाक्यमा आएर आआफ्ना काम गरिरहेका हुन्छन् । कारक छ र विभक्ति सात प्रकारका छन् । तिनले वाक्यलाई सुगठित

बनाएका हुन्छन् । विभक्तिले त कारक पनि पहिचान गराएको हुन्छ । कारकले नै क्रियापदसँग सम्बन्ध जोडी अर्थलाई स्पष्ट पारिरहेको हुन्छ । अझ भन्नुपर्दा एउटा सरल वाक्यमा एकै कामका लागि एउटै कारकको दुई ठाउँमा प्रयोग हुँदैन । यी कुराहरूलाई ख्याल गरेर वाक्य निर्माण गर्न जरूरी हुन्छ ।

लघुकथा लेखन गर्दा प्रयोग हुने शब्दको स्रोत तत्सम, तद्भव र आगन्तुक गरी तीन प्रकारका हुन्छन् । कतिपय तत्सम र आगन्तुक शब्द सामान्य जनजीवनमा पनि नियमित रूपमा प्रयोग भइरहेका हुन्छन् भने कतिपय शब्दको प्रयोग भइरहेको हुँदैन । यसर्थ लघुकथामा भएको समाजअनुसारको भाषा प्रयोग गर्नुपर्छ । यसका साथै कतिपय घटना खास स्थानसापेक्ष हुन्छ । त्यस किसिमका घटनालाई कथा बनाउँदा पात्र पनि सोही स्थानको प्रयोग गरिन्छ । यसरी स्थान सापेक्ष घटना र पात्रको प्रयोग गर्दा आञ्चलिकता देखिन्छ । आञ्चलिक लघुकथा लेख्दा पात्रले प्रयोग गर्ने संवाद (भाषा) मा आञ्चलिकता हुनु राम्रो मानिन्छ । यसले कथालाई विश्वसनीय र वैध बनाउँछ । यसका विपरीत भाषा मात्र आञ्चलिक भएमा लघुकथामा दोष देखिन सक्छ ।

लघुकथाभित्र भाषाका रूपमा आउने वाक्य सरल, मिश्र र संयुक्त गरी तीन प्रकारका हुन्छन् । यी तीन किसिमका वाक्यमा पनि एकभन्दा बढी जोडेर जटिल वाक्य बन्छ । सकेसम्म कथामा जटिल वाक्य प्रयोग गर्नु उपयुक्त हुँदैन । यसका साथै मिश्र वाक्यको अधिक प्रयोगले बोधमा बाधा पर्छ । त्यसैले कथा लेख्दा सरल र संयुक्त वाक्य प्रयोग गर्नु उपयुक्त हुन्छ । सरल वाक्यको प्रयोगले आम पाठकलाई रचना बोधगम्य लाग्छ भने मिश्रले बौद्धिक र उच्च पाठकको अपेक्षा गर्छ । त्यसैले लघुकथा लेखन गर्दा पाठकसापेक्ष रचना सिर्जना गर्नु राम्रो हुन्छ ।

भाषा प्रयोगमा काल र पक्षको ख्याल गर्नुपर्छ । कथाको वाक्यमा प्रयोग हुने क्रियापदले काम वा अवस्थालाई मात्र जनाउँदैन । त्यसले लिङ्ग, वचन, पुरूष, आदर, समय, कामको अवस्था, अर्थ, करण–अकरण आदि पनि व्यक्त गरिरहेको हुन्छ । यसका साथै लघुकथा पूर्ण पाठ हो । यो अनुच्छेद अनुच्छेदको संघटन हो । त्यस्तै, वाक्य वाक्य/संवाद आदि मिलेर लघुकथाको अनुच्छेद बन्छ । यी कुराको उचित व्यवस्थापनले लघुकथाको प्रस्तुति सबल बन्छ । अतः लघुकथाका लेखकले सचेतताका साथ आफ्नो रचना प्रस्तुत गरी तयार पार्नुपर्छ ।

## ६. उद्देश्यमा प्रस्तुति

विश्वब्रह्माण्ड (प्रकृति) मा रहेका जे जस्ता कुरा छन्, ती सबै सन्तुलित छन् । प्रकृतिको आविष्कारमा असन्तुलन देखा पर्नेबित्तिकै प्रकृतिको कोपभाजनमा पर्नुपर्छ । त्यस्तै, मानव वस्तु पनि प्रकृतिकै पुनःसिर्जना भएकाले यसमा पनि सन्तुलन अनिवार्य छ । यो सन्तुलनको कुरा साहित्य लेखन र त्यसभित्र पर्ने लघुकथामा पनि लागु हुन्छ ।

लघुकथा मात्र नभई लघुकविता (सूक्ष्म कविता) लघुनिबन्ध, लघुउपन्यास, लघुनाटक युगीन समाजको आवश्यकता हो । आजको व्यस्त समयमा मानिस धेरै चिन्तन गरेर बस्न सक्दैन । त्यसैले आख्यानको सुस्वाद जतिसके छिटो प्राप्त गरी आनन्द लिन लघुकथाको सिर्जना, विकास र विस्तार भएको हो । लघुकथामा घटना, पात्र, परिवेशको सीमितता भए पनि लेखन समयमा लघुता नहुन सक्छ । यसो हुनुको कारण यसमा रहेको गम्भीरता र प्रस्तुति हो । लघुकथा घटनालाई भाषाका माध्यमबाट परिवेश, पात्र दिएर लेख्ने रचना नभई प्रकृति वा जीवनजगत्को अनुकरण पनि हो । यसमा कला, ललितकला, साहित्य, आख्यान आदिका

गुणहरू पनि समाविष्ट छन् । त्यसैले मानक लघुकथा सिर्जना गर्न ज्ञान, मिहिनेत र लगाव चाहिन्छ । यी सबैको उचित संयोजनपछि मात्र यसबाट सन्देश प्रवाह हुन्छ । यसै सन्देशलाई उद्देश्य भनिन्छ । रचनाले दिन खोजेको ज्ञान पक्षलाई मात्र उद्देश्य मान्ने चलन सीमित हो । किनकि रचनाले विषयवस्तुको ज्ञान मात्र नदिई घटनाका कारण र कार्य, घटना घट्नुको परिवेश, घटना घट्नुमा पात्रको क्रियाकलाप आदिलाई पनि प्रस्तुत गरिरहेको हुन्छ । त्यसैले हरेक सिर्जनामा रहने यस खालको उद्देश्य अदृश्य हुन्छ । यसका साथै रचनाले शैलीगत ज्ञान पनि दिएको हुन्छ । यसमा भाषा र भाषाभित्र पर्ने वाक्य, पद/शब्द, विम्ब, प्रतीक, अलङ्कार, रीति, वक्रोक्ति, ध्वनि तथा रस जस्ता कुरा प्रवाहित भएको हुन्छ । यसका साथै रचनाले सिद्धान्त निर्माणमा पनि सहयोग गरेको हुन्छ ।

यसप्रकार सन्देश, अनुकरण, कला, विधागत मान्यता आदि सम्पूर्णको ज्ञान दिनु नै हरेक रचनाको पूर्ण उद्देश्य हो । हरेक रचनाले आफ्नै स्वरूपमा रहेर प्रवाह गर्ने सन्देश नै खासमा रचनाको उद्देश्य हो । यो उद्देश्य लघुकथाको पनि हो । तथापि व्यावहारिक रूपमा हेर्ने हो भने विषयवस्तुमा आएको विषय, विषयवस्तुमा पात्रको क्रियाकलाप र त्यसले निकाल्ने परिणाम सन्देश हो । यो सन्देश लघुकथाको विषयक्षेत्र, ज्ञान, क्षमता, परिवेश, परिस्थितिअनुसार फरक फरक हुन्छ । पौराणिक, ऐतिहासिक, सामाजिक, वैज्ञानिक जस्ता विषयले विषयअनुसार फरक फरक सन्देश दिएको हुन्छ । लघुकथाले दिने यस सन्देशलाई लेखकले हस्तक्षेप गर्नुभन्दा पाठकलाई नै भोक्ता वा द्रष्टा बनाएर घटनाको परिवेश र घटनामा सामेल गराउँदै चित्तमा प्रभाव पार्न सक्ने सन्देश प्रवाह गर्दा लघुकथालगायत साहित्यको मर्म उजागर हुन्छ । यसका लागि लघुकथाबाट सन्देश दिँदा बोलेर वा लेखेर नभई बोधबाट गराउनुपर्छ । त्यसैले लघुकथा लेखनमा उद्देश्य क्षिप्त हुनुपर्छ । यसैका लागि प्रस्तुतिमा ध्यान दिनुपर्छ ।

**७. शीर्षकमा प्रस्तुति**

शीर्षक प्रस्तुतिका दृष्टिले बाह्य तत्त्व हो । विषयवस्तु सम्पूर्ण शरीर हो भने शीर्षक चाहिँ टाउको हो । लघुकथामा शीर्षक राख्दा यसले विषय वहन गर्नुपर्छ । विषयलाई बोक्ने नाममा यसबाट कथाको गोपनीयता भने भङ्ग हुन दिनु हुँदैन । लघुकथाको शीर्षक, विषयका अतिरिक्त, पात्र, परिवेश वा परिस्थितिअनुसार राख्न सकिन्छ । यसरी शीर्षक राख्दा विकारी पदलाई नै महत्त्व दिनु राम्रो हुन्छ ।

लघुकथामा शीर्षक राख्दा एक शब्द प्रयोग गर्दा राम्रो हुन्छ । दुई शब्दबाट शीर्षक राख्दा प्रयोग हुने विशेषण शब्दले विषयवस्तु खोल्ने सम्भावना रहन्छ । अझ वाक्य तहमा शीर्षक राख्दा यो समस्या धेरै देखिन्छ । अतः लघुकथाको शीर्षक राख्दा त्यसबाट प्रवाहित हुने सूचना पढेपछि मात्र बोध गराउन एक शब्दकै शीर्षक राख्न पनि प्रस्तुतिले मद्दत गर्ने देखिन्छ ।

**८. निष्कर्ष**

सिर्जनात्मक लेखनमा प्रस्तुति भनेको स्रष्टाले पाठक, श्रोता वा दर्शकलाई बुझाएको सामग्रीको संयोजन हो । समाचार वाचक, अभिनेता, कलाकार, शिक्षक आदि सबैको विषय वा वस्तु प्रस्तुत गर्ने आफ्नो कला हुन्छ । यसलाई वैयक्तिक शैलीभित्र राख्न सकिन्छ । नेपाली लघुकथा लेखनमा पनि प्रस्तुतिको आआफ्नै शैली छ । लघुकथामा यस शैलीले घटनालाई परिवेश, चारित्रिक क्रियाकलाप आदिसँग जोडेर कलात्मक, सौन्दर्ययुक्त बनाउन मद्दत गर्छ । यसले लघुकथालाई वास्तविक वा यथार्थ बनाउँछ । लघुकथामा प्रस्तुतिले कठोर संवादलाई पनि मृदुल बनाउन

सहयोग गर्छ । यसले मस्तिष्कलाई हृदयसँग जोड्न सहयोग गर्छ । कुशल प्रस्तुतिकै कारण दर्शक, श्रोता वा पाठकको हृदय संवेद्य हुन्छ । प्रस्तुतिकै कारण स्रष्टा भावकको मनभित्र बस्न सफल हुन्छ । त्यसैले लघुकथाका तत्त्वहरूलाई प्रकृति वा जीवनजगत्सँग जोडेर कलात्मक, सुरुचिपूर्ण, मादकतापूर्ण, मौलिक, सार्थक बुनोट गर्न प्रस्तुतिमा ध्यान दिन आवश्यक छ । प्रस्तुतिले नै स्रष्टाको प्रवृत्ति खुट्याउन मद्दत गर्छ । अतः सिर्जनात्मक रचनाको मूल्याङ्कन गर्दा यसको परोक्ष वा अपरोक्ष प्रयोग भइरहेको छ र हुनुपर्छ ।

**सन्दर्भ सामग्रीसूची**


........, **नेपाली बृहत् शब्दकोश** (संशोधित, २०७५), काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

अश्क, गोपाल, 'लघुकथा र नेपाली लघुकथा', **लघुकथाको सुगन्ध अङ्क ४** (२०७७), चितवन : नमस्ते आधुनिक लघुकथा मञ्च ।

आचार्य, विधान, **समालोचनाका कसीमा समकालीन नेपाली लघुकथा**, (२०७९), काठमाडौँ : नेपाल स्रष्टा समाज ।

चालिसे, विदुर, **लघुकथालय** (२०७९), चितवन : नमस्ते आधुनिक लघुकथा मञ्च ।

बराल, कृष्णहरि र नेत्र एटम, (२०५८) **उपन्यास सिद्धान्त र नेपाली उपन्यास, (**दो.सं.), ललितपुर : साझा प्रकाशन ।

लामिछाने, कपिल, लघुकथामा भाषाको भूमिका, **हाम्रो लघुकथा पाठशाला स्मारिका** (२०७९), काठमाडौँ : शेखरकुमार श्रेष्ठ ।

.........., 'लघुकथामा पात्र र चरित्र', पण्डित आनन्दमणि टुल्की नन्दकला स्मृति प्रतिष्ठान फापरथुम, स्याङ्जामा प्रस्तुत सम्मेलनपत्र, २०८० माघ २७ ।

श्रेष्ठ, शेखरकुमार, **'सृजनात्मक साहित्यका रूपमा लघुकथा लेखन'**, **लघुकथाको सुगन्ध अङ्क २** (२०७७), चितवन : नमस्ते आधुनिक लघुकथा मञ्च ।

.........., 'लघुकथाको विधागत स्वरूप', **लघुकथाको सुगन्ध अङ्क ३** (२०७८), चितवन : नमस्ते आधुनिक लघुकथा मञ्च ।

.........., 'लघुकथा लेखनका तत्त्वहरू', **हाम्रो लघुकथा पाठशाला स्मारिका** (२०७९), काठमाडौँ : शेखरकुमार श्रेष्ठ ।



## शुभकामना

**नयाँ वर्ष २०८३ को शुभ उपलक्ष्यमा**

**सम्पूर्ण सर्जक, पाठक, विशिष्ट सदस्य, आजीवन सदस्य, प्रतिनिधि, मुद्रक, वितरक, विक्रेता, कम्प्युटर डिजाइनरलगायत सम्पूर्ण शुभेच्छुकमा हार्दिक शुभकामना प्रकट गर्छौं ।**

**शब्दाङ्कुर परिवार**

# होर्डिङ बोर्डमार्फत विज्ञापन गर्दा के गर्ने ?
# विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ अनुसार,

---

- होर्डिङ बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहबाट अनुमति लिनुपर्ने,
- अनुमति पत्रको लागि सम्बन्धित स्थानीय तहको कार्यालयमा निवेदन दिनुपर्ने,
- स्थानीय तहले प्रचलित कानुनबमोजिम मनासिब देखेमा अनुमति दिनुपर्ने,
- अनुमति दिँदाकै समयमा राजस्व सङ्कलन गर्ने,
- अनुमतिको अवधि समाप्त भएपछि त्यस्तो होर्डिङ बोर्ड हटाउनुपर्ने व्यवस्था छ ।

**त्यसैले अनुमति प्राप्त गर्न**,

- स्थानीय तहमा निवेदन दिऊँ,
- अनुमति पत्र प्राप्त नगरी होर्डिङ बोर्ड नराखौँ वा राख्न नदिऔँ,
- अनुमति प्राप्त नगरी राखिएका होर्डिङ बोर्ड तत्काल हटाऔँ,
- अनुमति प्रदान गर्दा अनुमति शुल्क, बहाल वा बहाल कर, विज्ञापन कर लिने गरौँ ।

**बाह्य विज्ञापनलाई स्थानीय तह र प्रदेश सरकारको आम्दानीको स्रोत बनाऔँ ।**

**नेपाल सरकार**

विज्ञापन बोर्ड

जि.प्र.का. द.नं. ८२/२०५८/५९, गो.हु.का. द.नं. १३/२०७३/७४

## विशिष्ट र आजीवन सदस्यताका लागि अनुरोध

'शब्दाङ्कुर' २०५८ सालदेखि हालसम्म एक अङ्क पनि नटुटाई मासिक रूपमा निरन्तर प्रकाशित हुँदै आएको छ । वर्तमान परिवेशमा यसलाई स्थायित्व प्रदान गरी स्तरीकृत गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ । यसका लागि यहाँहरूसमक्ष विशिष्ट र आजीवन सदस्यताको प्रस्ताव गरिएको छ । विशिष्ट र आजीवन सदस्यतामार्फत प्राप्त रकमलाई अक्षय कोषका रूपमा राखी उत्पादनमूलक कार्यमा लगानी गरिने छ । लगानीबाट प्राप्त रकम शब्दाङ्कुरको स्तरवृद्धि एवम् स्थायित्व प्रदान गर्ने कार्यमा खर्च गरिने छ । यसका लागि यस मासिकको नाममा प्रभु बैङ्क लिमिटेड (Prabhu Bank Limited) मा Account Name : SABDANKUR SAHITYPRADHA MASIK र Account Number : 0010003056000011 को खाता खोलिएको छ । नेपाल, भारत अथवा विदेशको कुनै पनि ठाउँबाट प्रभु बैङ्क लिमिटेडको उक्त Account Name र Account Number मा रकम जम्मा गरी यस पत्रिकाको विशिष्ट र आजीवन सदस्य बनेर योगदान गर्न सक्नुहुन्छ । विशिष्ट र आजीवन सदस्यता फारम हामीबाट इमेलमार्फत प्राप्त गर्न सक्नुहुन्छ । हुलाकमार्फत पत्रिका उपलब्ध गराइने भएकोले कृपया पत्राचार गर्ने ठेगाना प्रस्ट लेख्न र ठेगाना परिवर्तन भएमा तत्काल जुनसुकै माध्यमबाट खबर गर्नुहुन अनुरोध छ । समयमा पत्रिका प्राप्त नभएको जानकारी जुनसुकै माध्यमबाट प्राप्त भएमा पुनः पठाइने प्रतिबद्धता समेत व्यक्त गर्दछौँ । नेपाली भाषा, साहित्य, कला र संस्कृतिको श्रीवृद्धिमा तपाईंले प्रदान गर्नुभएको अमूल्य योगदानका लागि हार्दिक धन्यवाद ।

सदस्यता शुल्क

| देश/संस्था | विशिष्ट | आजीवन |
|---|---|---|
| नेपाल (नेरु) र भारत (भारु) | १०,०००/- | ५,०००/- |
| संस्थागत र अन्य मुलुक नेरु | २०,०००/- | १०,०००/- |

**शब्दाङ्कुरलाई रकम भुक्तानी गर्न QR कोड स्क्यान गर्नुहोस् ।**